महिला तथा बालिकाविरुद्ध हुने हिंसा

एक अध्ययन

महिला तथा बालिकाविरुद्ध हुने हिंसा
एक अध्ययन

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

महिला तथा बालिकाविरुद्ध हुने हिंसाः एक अध्ययन

प्रकाशन मितिः २०७८ असार

सङ्ख्याः २ हजार प्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः इन्सेक

भूमिका

नेपालको संविधान (२०७२) ले महिलाको राजनीतिक सहभागिता र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका बारेमा महत्वपुर्ण व्यवस्थाहरू गरेको छ। संविधान जारी भएपछि महिला तथा बालिकाको सुरक्षाका लागि कानुनी सुधार र संरचनागत सुनिश्चितताका लागि प्रयासहरू भएका छन्। तरपनि प्रथा र परम्पराका नाममा हुने विभेद तथा बहिष्करणबाट महिला तथा बालिकाहरू पीडित भइरहेका छन्। त्यस्ता घटनाका सङ्ख्यामा एकरूपता नभए पनि प्रवृत्तिमा तात्विक भिन्नता आउन सकेको छैन।

बालविवाह, बहुविवाह, दाइजो प्रथा, छाउपडी लगायतलाई कानुनले दण्डनीय गरेको छ। यौनजन्य हिंसा तथा कार्यस्थलमा हुने हिंसाबाट पीडित महिलाको सुरक्षाका लागि भने कानुन र नीतिगत सुधार भएको देखिन्छ। एसिड आक्रमणबाट महिला तथा बालिकाहरू निरन्तर पीडित बन्दै आएको पछिल्लो समयमा सरकारले एसिड आक्रमण विरुद्धको कानुन, अध्यादेशमार्फत जारी गरेको छ।

यस अध्ययनमार्फत इन्सेकले नेपालको संवैधानिक व्यवस्थामा आएको परिवर्तन पश्चातको तीन वर्ष (सन् २०१८ देखि २०२० सम्म) को तथ्याङ्कमा आधारित भएर नेपालका ७७ जिल्लामा भएका महिला तथा बालिकाविरुद्धका हिंसाका घटनाहरूको विश्लेषण गरिएको छ। यस अध्ययनले सम्बन्धित सरोकारवालहरूको ध्यान केन्द्रित गरी महिला तथा बालिकाविरुद्ध हुने हिंसा उन्मूलन गर्ने अभियानलाई सघाउ पुऱ्याउने छ भन्ने विश्वास लिएको छु।

यस अध्ययनको संयोजन गर्नु हुने इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम, अध्ययन प्रतिवेदन लेखनका लागि मानव अधिकार प्रलेख तथा एड्भोकेसी विभागका श्रीराम बजगाई, सम्झा श्रेष्ठ र रमेशप्रसाद तिमल्सिना, तथ्याङ्क

प्रशोधनका लागि अनुज केसी र अध्ययन सामग्री सङ्कलनका लागि आर्या अधिकारीलाई धन्यवाद दिन चाहान्छु। त्यसैगरी, सम्पादनका लागि मानव अधिकार शिक्षा विभागका मदन पौडेल र साजसज्जाका लागि गीता मालीलाई विशेष धन्यवाद दिन चाहान्छु। अध्ययन प्रतिवेदनबारे प्रबुद्ध पाठकबाट सुझाव र सल्लाह प्राप्त हुने अपेक्षा गरेको छु।

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

विषयसूची

भाग १: परिचय **१०-२०**

१.१ महिला तथा बालिकाविरुद्धको हिंसाबारे अवधारणा र परिभाषा १०

१.२ महिला तथा बालिकाविरुद्धको हिंसा प्रतिवेदनको औचित्य, प्रतिवेदन संरचना तथा प्रतिवेदन तयार गर्दा अपनाइएको विधि १२

१.३ महिला तथा बालिकाविरुद्ध हुने हिंसाको अवस्था सारसंक्षेप १४

भाग २: महिला तथा बालिकाविरुद्ध भएका हिंसाका घटना तथा तथ्याङ्कीय प्रस्तुति **२१-४४**

२.१ महिला तथा बालिकाविरुद्ध सन् २०१८, २०१९ र २०२० मा भएका हिंसाका घटनाको तुलनात्मक चित्रण २१

२.२ महिला तथा बालिका विरुद्ध हुने हिंसाका आरोपितको विश्लेषण ४२

भाग ३: महिला तथा बालिकाविरुद्ध हुने हिंसाविरुद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू ४५-५१

३.१ राष्ट्रिय प्रावधानहरू ४५

३.२ अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू ४९

भाग ४: नेपालका मानव अधिकार संस्था र नागरिक सङ्गठनले महिला तथा बालिकाविरुद्ध हुने हिंसाका सरोकारमा उठाएका पैरवीका सवालहरू ५२-५५

४.१ सन्धिजनित निकाय ५२

४.२ विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) ५४

भाग ५: निष्कर्ष **५६-५७**

भाग ६: सुझावहरू **५८**

महिला तथा बालिकाविरुद्धको हिंसा (घटनाको आधारमा)



महिलाविरुद्ध हिंसाका घटना (प्रदेशगत आधारमा)


गत तीन वर्षमा बालिकाविरुद्ध हिंसा
२०२०
१३९२
२०१९
१३३९
२०१८
१३६६


गत तीन वर्षमा महिलाविरुद्ध हिंसा
२०२०
१३२३
२०१९
१२१७
२०१८
१४९८

बालिकाविरुद्ध हिंसाका घटना (प्रदेशगत आधारमा)



भाग १

परिचय

१.१ महिला तथा बालिकाविरुद्धको हिंसाबारे अवधारणा र परिभाषा

महिला र पुरुषबिच रहेको असमान शक्ति सम्बन्धका कारणले महिलामाथि हिंसा हुने गर्दछ। यो लैङ्गिक विभेदको कारण र प्रतिफल हो। पितृसत्तात्मक मूल्य र मान्यतामा आधारित,असन्तुलित सामाजिक संरचना, पुरुष प्रधानता र महिलाको सहायक भूमिका महिलामाथि हुने हिंसाका मूल स्रोत हुन्।[१] संयुक्त राष्ट्रसङ्घको महासभाको परिभाषामा "सामाजिक लिङ्गको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई शारीरिक, मानसिक, सामाजिक हिंसा र यौनिक रूपमा आघात पुग्दछ र डर, धाक, धम्की, ओहोदा र हैसियतको प्रयोग गरी त्यस किसिमको आघात पुयाउने काम गरिन्छ वा बलपूर्वक महिलाको स्वतन्त्रता हनन् गर्दै व्यक्तिगत र सामाजिक जीवनमा प्रभावित गर्दछ भने त्यस्ता सबै कार्यलाई महिलाविरुद्धको हिंसा"[२] भनिएको छ।

हाम्रो देशमा महिलाहरूलाई आश्रितका रूपमा हेर्ने दृष्टिकोण विद्यमान छ। हिंसाविरुद्ध सैद्धान्तिक प्रतिबद्धता त देखिन्छ। तर, आज पनि नेपाली महिला मानसिक वा शारीरिक हिंसाबाट पीडित हुनु परेको छ।[3] महिला हिंसाको मूलकारण पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरूलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारबाट वञ्चित गरिनु हो।

लिङ्गका आधारमा गरिने महिलामाथिको हिंसा भेदभावको एक रूप हो। यसले महिलाको मानव अधिकारको उल्लङ्घन गर्दछ। महिलाको अधिकार उपभोग गर्ने क्षमता

---

१ मानवअधिकार वर्ष पुस्तक, २०१२, पेज १२३, अनुच्छेद १

२ मानवअधिकार वर्ष पुस्तक, २०१२, पेज १२३, अनुच्छेद ६

३ इन्सेक प्रकासन, प्राची द्वैमासिक, पूर्णांक ६८, कार्तिक /मङ्सिर २०६०, पेज ७ अनुच्छेद ४

तथा स्वतन्त्रतामा आघात पुऱ्याउँछ। "बोक्सी"का नाममा महिलामाथि गरिने अमानवीय व्यवहार, दाइजो, घरेलु हिंसा, बलात्कार, महिला बेचबिखन, यौन शोषण, परम्परा र धर्मका नाममा गरिने हिंसाहरू महिलाविरुद्ध हिंसाका स्वरूप हुन्।[४]

संयुक्त राष्ट्रसङ्घबाट पारित महिलाविरुद्ध हिंसा उन्मूलन गर्नेसम्बन्धी घोषणापत्र, सन् १९९३ अनुसार "महिलाविरुद्ध हिंसा भन्नाले राज्यबाट हुने हिंसाका अतिरिक्त अङ्गभङ्ग गर्ने, बालबालिकामाथि यौन दुर्व्यवहार गर्ने, दाइजोसम्बन्धी हिंसा, वैवाहिक बलात्कार, महिलाहरूलाई क्षति पुऱ्याउने, अन्य परम्परागत हिंसालगायत पारिवारिक हिंसा, परिवारको अन्य सदस्यहरूबाट हुने हिंसा, बलात्कार, यौन उत्पीडन तथा काम गर्ने स्थान, शिक्षालय र अन्य स्थानमा तर्साइने घटना, महिला बेचबिखन, जबरजस्ती यौन कार्यमा लगाउने लगायतका शारीरिक, यौन तथा मानसिक हिंसाहरूलाई जनाइनेछ"[५] भनेर व्याख्या गरिएको छ।

चौथो विश्व महिला सम्मेलन सन् १९९५ बाट पारित सरोकारका विषयहरू मध्ये "महिलाविरुद्ध हिंसा भन्नाले निजी वा सार्वजनिक जीवनमा मानसिक वा शारीरिक रूपमा खतरा पुऱ्याउने खालका लिङ्गमा आधारित गतिविधिलाई बुझ्नुपर्दछ। यसले परिवारमा हुने मानसिक, शारीरिक वा यौनजन्य हिंसाहरू, बालिका वा गृहिणीहरूको यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार, कुटपिट कुनैपनि प्रकारका हिंसालाई बुझाउँछ। यसैगरी, समाजभित्र शारीरिक, मानसिक र यौनजन्य हिंसाहरू, जस्तैः यौन शोषण, यौन दुर्व्यवहार, जबरजस्तीकरणी आदिका साथै राज्यले निषेध गरेका कुनै पनि खालका शारीरिक, मानसिक एवम् यौन हिंसालाई जनाउँदछ।"[६] त्यसैगरी, "युद्धका समयमा हुनसक्ने महिलाको मानव अधिकार उल्लङ्घन, सामूहिक बलात्कार, यौन दासत्व र जबरजस्ती गर्भवती बनाउनेजस्ता क्रियाकलापहरू"[७] लाई महिला विरुद्ध हिंसाका स्वरूपका रूपमा उल्लेख गरिएको छ।

---

४ इन्सेक प्रकासन, प्राची द्वैमासिक, पूर्णाङ्क ४९, पुस २०६०, पेज ४१ अनुच्छेद १

५ संयुक्त राष्ट्रसङ्घबाट पारित महिलाविरुद्ध हिंसा उन्मूलन गर्नेसम्बन्धी घोषणापत्र, सन् १९९३

६ सरोकार नं ४, चौथो विश्व महिला सम्मेलन सन् १९९५ बाट पारित १२ ओटा सरोकारका विषय

७ सरोकार नं ४, चौथो विश्व महिला सम्मेलन सन् १९९५ बाट पारित १२ ओटा सरोकारका विषय

शारीरिक यातनाबारे घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा "शारीरिक यातना भन्नाले कुटपिट गर्ने, गैरकानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अुनहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ।"[८] भनी उल्लेख गरिएको छ।

सोही ऐनमा "मानसिक यातना भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालिगलौज गर्ने, बात लगाउने, घरनिकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रूप, रङ, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक वा भावनात्मक चोट पुग्नसक्ने अन्य कुनै काम समेतलाई जनाउँछ।"[९] त्यसैगरी, "यौनजन्य यातना भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साहन वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्दछ।"[१०] भनी उल्लेख गरिएको छ।

१.२ महिला तथा बालिकाविरुद्धको हिंसा प्रतिवेदनको औचित्य, प्रतिवेदन संरचना तथा प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

नेपालको संविधान २०७२ जारी भएपछि महिला अधिकारसम्बन्धी प्रमुख सवाल र सरोकारहरूले संवैधानिक सुनिश्चितता प्राप्त गरेका छन्। नेपालको संविधानले महिलाको राजनीतिक सहभागिता र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको बारेमा महत्वपूर्ण व्यवस्थाहरू गरेको छ। प्रथा र परम्पराका नाममा हुने विभेद तथा बहिष्करणबाट महिला तथा बालिकाहरू पीडित हुने क्रम रोकिएको छैन।

नेपालको संविधान जारी भएपछि महिला तथा बालिकाको सुरक्षाका लागि कानुनी सुधार तथा संरचनागत सुनिश्चितताका प्रयासहरू भएका छन्। नेपाल सरकारले कानुन सुधार गर्दै महिला तथा बालिकाको सुरक्षाका लागि मुलुकी अपराध संहिता

---

८ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, दफा २ (ग)

९ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, दफा २ (घ)

१० घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, दफा २ (ङ)

२०७४ र मुलुकी देवानी संहिता २०७४ मा थुप्रै प्रावधानहरू को व्यवस्था गरेको छ। बालविवाह, बहुविवाह, दाइजो प्रथा, छाउपडी लगायतलाई दण्डनीय गरिएको छ। यौनजन्य हिंसा तथा कार्यस्थलमा हुने हिंसाबाट महिलाको सुरक्षाका लागि कानुन तथा नीतिगत सुधार भएको देखिन्छ। एसिड आक्रमणबाट महिला तथा बालिकाहरू निरन्तर पीडित बन्दै आएको पछिल्लो समयमा सरकारले एसिड आक्रमण विरुद्धको कानुन अध्यादेशमार्फत जारी गरेको छ। बोक्साबोक्सी आरोप (कसुर तथा सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ ले यस्ता आरोप र त्यसमा संलग्न व्यक्तिहरूविरुद्ध कानुनी कारवाही गर्ने प्रबन्ध गरेको छ। बालबालिकासम्बन्धी ऐन २०७५ लगायत थुप्रै नीति तथा कानुनले बालिका र महिलाविरुद्ध हिंसाको प्रभाव कम गर्ने लक्ष्यका साथ संरचनागत सुधारका लागि दिशानिर्देश गरेको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा १२ देखि २५ प्रतिशत महिलाहरूले आफ्नो जीवनको कुनै न कुनै समयमा यौन हिंसाजन्य घटनाहरूको सामना गर्नुपरेको अनुभव गरेका छन्। नेपालमा पनि पछिल्लो दशक इन्सेकले गरेको मानव अधिकार प्रलेखको तथ्याङ्क हेर्दा यौनजन्य हिंसाका घटनामा वृद्धि भएको देखिन्छ। इन्सेकले सन् २०१० मा महिला तथा बालिकाविरुद्धका यौनजन्य हिंसाका ९ सय १० घटना अभिलेख गरेकोमा यो संख्या सन् २०२० मा ३ हजार ८ सय ७९ छ। घटनाको प्रकृति र प्रकारमा आएको गम्भीरता हेर्दा गरिएका कानुनी प्रयासहरूले सकारात्मक नतिजा दिन सकेको देखिँदैन।

महिला तथा बालिकाविरुद्ध भएका हिंसाका गम्भीर प्रकृतिका घटनाहरू सार्वजनिक हुने गरेका छन्। महिलाविरुद्ध हुने हिंसालाई मानव विकासको प्रमुख बाधक र लैङ्गिक समानता हासिल गर्ने बाटोको गम्भीर अवरोधका रूपमा लिनुपर्दछ। महिलाको सुरक्षामा हुने कमीले समाजको पछौटेपन, अविकास र कानुन कार्यान्वयनमा राज्यको कमजोर क्षमता अथवा उदासीनतालाई प्रकट गरेको छ। महिला तथा बालिकाविरुद्ध हुने हिंसाले प्रहरी, अदालत र सामाजिक कल्याणका कामहरूको कमजोरी समेतलाई प्रस्तुत गर्दछ।

यस प्रतिवेदनमा नेपालको संवैधानिक व्यवस्थामा आएको परिवर्तन र त्यसको कार्यान्वन (तीन तहको निर्वाचन) पश्चातको तीन वर्षको तथ्याङ्कमा आधारित भएर नेपालमा भएका महिला तथा बालिकाविरुद्धका हिंसाका घटनाहरूको विस्तृत अध्ययन गरिएको छ।

उद्देश्यहरू

- महिला तथा बालिका विरुद्धका हिंसाका घटनाको तुलात्मक अवस्थाका बारेमा मानव अधिकार समुदाय तथा कानुन कार्यान्वयन गर्ने निकाय समक्ष विस्तृत जानकारी प्रस्तुत गर्ने।
- महिला तथा बालिकाविरुद्ध हुने हिंसाका घटनाको सुक्ष्म अध्ययन गरी गम्भीर घटनाको अध्ययन गर्ने।
- कानुन कार्यान्वयन गर्ने निकायको आवश्यक निगरानी तथा उचित पहलकदमीका लागि पैरवी गर्ने।
- नीति तथा कानुन निर्माण गर्ने निकायको आवश्यक निगरानी, कानुनी सुधार र जवाफदेहिता अभिवृद्धि गर्ने।
- महिला तथा बालिका विरुद्धका हिंसाका घटना न्यूनीकरण गर्न आवश्यक सचेतना, जनपरिचालन तथा समाज कल्याणका कार्यमा लगानीको आवश्यकता प्रवर्धन गर्ने।
- अदालत तथा प्रहरी संयन्त्रको शीघ्र कार्य सम्पादनका लागि पैरवी गर्ने।

विधि

- इन्सेकले अभिलेख गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको विश्लेषण यस अध्ययनमा गरिएको छ।
- नेपाल मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गरिएको घटनाहरू नै यस पुस्तकका आधारभूत सन्दर्भ सामग्रीका रूपमा रहेका छन्।

१.३ महिला तथा बालिकाविरुद्ध हुने हिंसाको अवस्था सारसंक्षेप

नेपालमा महिला विरुद्धको हिंसाबाट कुनै वर्ग, जातजाति, संस्कृति अछुतो छैन। यो पारिवारिक तहदेखि राष्ट्रिय स्तरसम्म भइरहेको छ। धार्मिक आस्था र सम्प्रदायमा आधारित सामाजिक बनावट, विभेदपूर्ण नीति र कानुनहरूको प्रभावले समेत महिला हिंसा बढी संवेदनशील बन्न पुगेको छ। लैङ्गिकतामा आधारित हिंसा, लिङ्ग पहिचानको अवस्थादेखि मृत्युपर्यन्त छ। जसका पछाडि शताब्दीयौँदेखि जकडिएको धार्मिक रूढिवाद, अन्धविश्वास र शक्तिसम्बन्धको विभेदले यसलाई बढी जटिल र संवेदनशील बनाएको छ।

विशेषत: गर्भावस्थामा लिङ्ग छनौट गरी छोरी भ्रुणको गर्भपतन, गर्भावस्थामा कुटपिट, शारीरिक दुर्व्यवहार, बालविवाह, यौनदुर्व्यवहार, जबरजस्ती यौनसम्बन्ध, हाडनाताकरणी, कार्यस्थलमा यौनदुर्व्यवहार, वैवाहिक बलात्कार, दाइजो र सम्पत्तिको कारण हिंसा/हत्या, एकल महिला र वृद्ध महिलालाई हेला, भेदभाव जस्ता हिंसाहरू हुने गरेको छ भने पुरुष मित्रहरूबाट मनोवैज्ञानिक दुर्व्यवहार, डर त्रास आदि हिंसाहरू दोहोरिएको देखिएका छन्। महिलाको शरीरमा आगो लगाउने, पोल्ने, डाम्ने, घरबाट बाहिर निकाल्ने, सम्पत्तिबाट वञ्चित गर्नेजस्ता हिंसाका घटना बढी देखिएका छन्।[११]

सन् २०१८ देखि २०२० सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरूमा अभिलेख गरिएका महिला तथा बालिकाविरुद्ध हिंसासम्बन्धी तथ्याङ्कहरू अध्ययन गर्दा, हत्या, बलात्कार, यौनदुर्व्यवहार, पारिवारिक हिंसा, कुटपिट, बोक्सीको आरोप, दाइजो नल्याएको वा कम ल्याएको भन्दै गरिने हिंसा, बालविवाह, बहुविवाह, महिला बेचबिखन तथा ओसारपसार, बेचबिखन तथा ओसारपसार प्रयास र अमानवीय व्यवहार जस्ता घटनामा ७ हजार ७ सय ९२ महिला तथा ३ हजार ८ सय ७३ जना बालिका गरी १२ हजार १ सय ९५ जना पीडित भए। सन् २०१८ मा २ हजार २ सय ९२ महिला र १ हजार १ सय ३६ बालिका गरी ३ हजार ८ सय १ जना, सन् २०१९ मा २ हजार ९ सय ७७ महिला र १ हजार ३ सय ३९ बालिका र गरी ४ हजार ५ सय १५ जना र सन् २०२० मा २ हजार २ सय २३ महिला र १ हजार ३ सय ९८ जना बालिका गरी ३ हजार ८ सय ७९ जना पीडित भए। सन् २०१८ र सन् २०२० को तुलनामा सन् २०१९ मा महिला तथा बालिका विरुद्धका घटना धेरै भएको देखिन्छ।

१.३.१ हत्या

नेपालको संविधान (२०७२) ले व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता[१२] गरेको छ। कसैलाई पनि मृत्युदण्ड हुने गरी कानुन बनाउन निषेध गरेको छ। नेपालमा महिला तथा बालिका विरुद्ध हुने हिंसामा हत्याको समेत सङ्ख्या उच्च रहेको नेपाल मानव अधिकार वर्ष पुस्तकमा प्रलेखिकरण गरिएको तथ्याङ्कले देखाउँछ। खासगरी घरेलु हिंसाबाट उब्जाएको हिंसा, बलात्कारपछि हत्या,

---

११ http://fwld.org/wp-content/uploads/2019/04/महिलाविरुद्ध-हिंसा-र-एचआइभी-र-एड्सबीचको-अन्तरसम्बन्ध:-कानुनी-सशक्तिकरण-र-न्यायको-पहुँच.pdf (२०७८ असारमा १ गते मा हेरिएको)

१२ नेपालको संविधान (२०७२), धारा १६ उपधारा १

"बोक्सी"को आरोपमा गरिने हत्या, "इज्जत"को नाममा गरिने हत्या र आवेगमा आएर महिला तथा बालिकाको हत्या भएका छन्।

नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेखिकरण भएअनुसार सन् २०१८ देखि २०२० को तीन वर्षमा ४ सय ३३ जना महिला र ९७ बालिकासहित ५ सय ३० जनाको हत्या भएको छ। ३ सय १२ जना महिला र ४४ जना बालिका गरी घरेलु हिंसामा परी ३ सय ५६ जनाको हत्या भएको छ। यस अवधिमा भएको कूल हत्या सङ्ख्यामध्ये घरेलु हिंसाबाट हत्या हुनेको सङ्ख्या ८२ प्रतिशत रहेको छ। सन् २०१८ मा १ सय ३ जना महिला र सात जना बालिका गरी १ सय १० जना, सन् २०१९ मा १ सय ७ जना महिला र २४ जना बालिका गरी १ सय ३१ जना र सन् २०२० मा १ सय २ जना महिला र १३ जना बालिकाको घरेलु हिंसाका कारण हत्याका घटना भएका थिए।

यसअवधिमा १५ जना महिला र २० जना बालिका गरी ३५ जनाको बलात्कारपछि हत्या भयो। सन् २०१८ मा १० जना महिला र नौ जना बालिका गरी जम्मा १९ जना, सन् २०१९ मा एक जना महिला र ६ जना बालिकासहित सात जना र सन् २०२० मा चार जना महिला र पाँच जना बालिका गरी नौ जनाको बलात्कारपछि हत्या भयो।

यसैगरी "बोक्सी"को आरोपमा सन् २०१९ मा १ जना र सन् २०२० मा दुई जनाको गरी तीन जना महिलाको हत्या भएको छ। दाइजो नल्याएको वा भनेजति दाइजो नल्याएको आरोपमा यस अवधिमा १७ जना महिलाको हत्या भयो। सन् २०१८ मा दुई जना, सन् २०१९ मा १२ जना र सन् २०२० मा तीन जना महिलाहरूको दाइजोसम्बन्धी घटनामा हत्या भयो। त्यसैगरी अन्य विभिन्न कारणले यस अवधिमा १ सय १९ जना महिला तथा बालिकाको हत्या भयो। सन् २०१८ मा २६ जना महिला र १६ जना बालिका गरी ४२ जना, सन् २०१९ मा ३९ जना महिला र नौ जना बालिका गरी ४८ जना र सन् २०२० मा २१ जना महिला र आठ जना बालिकाको हत्या भयो । छाउपडीको अवस्थामा मृत्यु भएका घटनासमेत अभिलेखित भए।

१.३.२ बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

महिलाविरुद्ध हुने विभिन्न खाले हिंसाहरूमध्ये यौनजन्य हिंसा गम्भीर हिंसा र मानव अधिकारको उल्लङ्घन हो जसले पीडितको स्वास्थ्य, आत्मसम्मान, सुरक्षा र

शारीरिक पूर्णतालाई विक्षत बनाएको हुन्छ। कुनै पनि महिलालाई उसको मञ्जुरीविना करकाप, डर, धम्की वा बल प्रयोग गरी जबरजस्ती गरिने यौन सम्पर्कलाई बलात्कार भनिन्छ। त्यसैगरी उमेर नपुगेका बालिकालाई ललाइफकाइ मञ्जुरी लिइ वा नलिइ गरिने यौन क्रियाकलाप पनि बलात्कार नै हो। नेपालको कानुनले गरेको परिभाषाअनुसार यो फौजदारी अपराध हो।[१३] यौनजन्य दुर्व्यवहार भनेको त्यस्तो गतिविधिहरू हुन् जसले कुनै व्यक्तिको इच्छा तथा मर्यादा विपरीत उसलाई अपमान गर्छ।[१४] यौनजन्य दुर्व्यवहारमा धम्की, चेतावनी वा हातपात गरी जबरजस्ती यौन सम्पर्क, अनिच्छित यौनजन्य क्रियाकलापहरू पर्दछन्।[१५]

सन् २०१८ देखि २०२० मा नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेख गरिएको घटनाहरूमा ३ हजार ६ सय १४ जना बालिका र २ हजार ३ सय ७ जना महिला गरी ५ हजार ९ सय २१ जना बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। यस अवधिमा २० जना महिला र १५ जना बालिका गरी ३५ जनाको बलात्कारपछि हत्या भयो।

सन् २०१८ मा १ हजार ७ सय ५०, सन् २०१९ मा १ हजार ९ सय ८५ र सन् २०२० मा २ हजार १ सय ८६ जना महिला तथा बालिका पीडित भए। यो तथ्याङ्कले महिला तथा बालिकाविरुद्ध हुने यौनजन्य घटना प्रत्येक वर्ष वृद्धि भएको देखिन्छ।

यस अवधिमा महिला तथा बालिकाविरुद्ध भएका हिंसाका कूल घटनामध्ये यौन हिंसा ४९ प्रतिशत छ। यो तथ्याङ्कले महिला तथा बालिकाविरुद्ध हुने विभिन्न खाले हिंसाहरूमा करिब आधा सङ्ख्या यौन हिंसाले ओगटेको छ। यौन हिंसामा महिलाभन्दा बालिका बढी प्रभावित भएको पाइएको छ। यौन हिंसामध्ये सबैभन्दा धेरै बलात्कारका घटनाबाट पीडित छन्। यस अवधिमा २ हजार ६ सय ८८ जना बालिका र १ हजार ६ सय ५३ जना महिला गरी ४ हजार ३ सय ४१ जना बलात्कारका घटनाबाट पीडित भएका छन्। बलात्कारबाट पीडितको कूल सङ्ख्याको ६२ प्रतिशत पीडित बालिका रहेका छन्। यसैगरी बलात्कार प्रयासबाट ४ सय ५० जना महिला पीडित भए। यौन

---

१३ https://www.ghatanarabichar.com/190958 (२०७८ असारमा हेरिएको)

१४ https://nepal.un.org/sites/default/files/2021-04/DVRB%20including%20GBV%20pocket%20book-%20Nepali_0.pdf (२०७८ असारमा १ गते हेरिएको)

१५ ऐ

दुर्व्यवहारका घटनाबाट ९ सय २६ जना बालिका र २ सय ४ जना महिला गरी १ हजार १ सय ३० जना पीडित भए।

सन् २०१८ मा १ हजार ७ सय ५० जना पीडितमध्ये ८ सय १५ जना बालिका र ४ सय ७५ जना महिला गरी १ हजार २ सय ९० जना महिला बलात्कारबाट, २ सय २६ जना बालिका र ७९ जना महिला यौन दुर्व्यवहारबाट र १ सय ५५ जना महिला बलात्कार प्रयासबाट पीडित भए।

सन् २०१९ मा १ हजार ९ सय ८५ जना पीडितमध्ये ८ सय ८४ जना बालिका र ५ सय ३० जना महिला बलात्कार, ३ सय ६५ जना बालिका र ६३ जना महिला यौन दुर्व्यवहार र १ सय ४३ जना महिला बलात्कार प्रयासबाट पीडित भए।

सन् २०२० मा २ हजार १ सय ८६ जना पीडितमध्ये ९ सय ८९ जना बालिका र ६ सय ४८ जना महिला बलात्कार, ३ सय ३५ जना बालिका र ६२ जना महिला यौन दुर्व्यवहारबाट र १ सय ५२ जना महिला बलात्कार प्रयासबाट पीडित भए।

१.३.३ *घरेलु हिंसा*

"घरेलु हिंसा भनेको महिलाविरुद्धको हिंसाको एउटा सबैभन्दा पुरानो रूप हो। यो सबै किसिमको समाजमा प्रचलित छ। घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ। अत: राज्यपक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिङ्गका आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्दछ।"[१६] महिलाविरुद्ध हुने गरेको घरेलु हिंसाको परिभाषामा "घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ।"[१७]

सन् २०१८ देखि २०२० मा नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेख गरिएको घटनाहरूमा ३३ जना बालिका र ५ हजार २४ महिला गरी ५ हजार ५७ जना घरेलु हिंसाबाट पीडित भए। उक्त अवधिमा भएका महिला तथा बालिका विरुद्धका हिंसाका कूल घटनामध्ये ४१ प्रतिशत घरेलु हिंसाका छन्। सन् २०१८ मा १७ जना

---

१६ संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस नं. १९

१७ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, दफा २ (क)

बालिका र १ हजार ६ सय १५ जना महिला गरी १ हजार ६ सय ३२ जना पीडित भए भने सन् २०१९ मा ११ जना बालिका र २ हजार ६८ जना महिला गरी २ हजार ७९ जना पीडित भए। त्यसैगरी सन् २०२० मा पाँच जना बालिका र १ हजार ३ सय ४१ जना महिला गरी १ हजार ३ सय ४६ जना पीडित भए।

१.३.४ "बोक्सी"को आरोप

"बोक्सी"को आरोपमा प्रताडित गर्ने कुप्रचलन समाजमा विद्यमान छ। गरिब, दु:खी, एकल महिला, ज्येष्ठ नागरिक, सामाजिकरूपमा अपहेलित, समाजमा दबिएर बोल्न नसक्नेहरूलाई "बोक्साबोक्सी"को आरोप लगाउने गरेको पाइन्छ। "बोक्सी"को आरोपमा कुटपिट गर्ने, अभक्ष खुवाउने, कपाल मुण्डन गर्ने, डाम्ने, बसोबास गरेको स्थानबाट निकाल्ने र हत्या समेत हुने गरेको छ। कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किमिसले यातना दिने जस्तो अमानवीय व्यवहार[१८] लाई बोक्साबोक्सीको आरोपमा गरिने दुर्व्यवहार मानिएको छ।

सन् २०१८ देखि २०२० मा नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेख गरिएका घटनाहरूमा १ सय ६३ जना महिलामाथि "बोक्सी"को आरोपमा कुटपिट तथा अमानवीय व्यवहार गरिएको छ। त्यस्ता घटनाबाट सन् २०१८ मा ६३ जना, सन् २०१९ मा ४२ जना र सन् २०२० मा ५८ जना पीडित भए।

१.३.५ बालविवाह

महिला र पुरुषकाबिचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। चलनचल्तीमा कतैकतै बिहे गर्ने भन्ने चलन पनि छ। विवाह गर्न उपयुक्त भनी तोकिएको उमेरभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० वर्ष छ।[१९] युनिसेफको एक अध्ययनले बालविवाह गर्ने एशियाली मुलुकमध्ये नेपाल उच्च स्थानमा रहेको छ।[२०]

---

१८ बोक्साबोक्सीको आरोप (कसूर तथा सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२

१९ https://www.onlinekhabar.com/2019/08/792573 (२०७८ असार १ गते हेरिएको)

२० https://www.unicef.org/nepal/reports/ending-child-marriage-nepal (२०७८ असार १ गते हेरिएको)

नेपाल मानव अधिकार वर्ष पुस्तकमा अभिलेख गरिएको बालविवाहको घटनामा सन् २०१८ मा ४५ जना, सन् २०१९ मा ३६ जना र सन् २०२० मा ४० सन् गरी जम्मा १ सय २१ जना बालिकाहरू पीडित भए।

१.३.६ *महिला तथा बालिका बेचबिखन तथा ओसारपसार*

नेपालमा मानव बेचबिखन तथा ओसारपसार हिंसाको एक प्रमुख स्वरूपको रूपमा रहेको छ र यसलाई राज्यविरुद्धको अपराधको रूपमा लिइन्छ।[२१] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिइ वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र "वेश्यागमन" गर्ने कार्यलाई मानव बेचबिखन मानेको छ।[२२] नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०१८ देखि २०२० सम्ममा १ सय ३८ जना बालिका र २ सय ६५ जना महिलासहित ४ सय ३ जना पीडित भए। अभिलेखित घटना अनुसार सन् २०१८ मा ५० जना बालिका र ८८ जना महिला गरी १ सय ३८ जना पीडित भए। सन् २०१९ मा ५४ जना बालिका र १ सय २० जना महिला गरी १ सय ७४ जना पीडित भए। सन् २०२० मा ३४ जना बालिका र ५७ जना महिला गरी जम्मा ९१ जना पीडित भए।

---

२१ http://fwld.org/wp-content/uploads/2019/04/मानव-बेचबिखन-तथा-ओसार पसार--नियन्त्रण)-ऐन-२०६४-को-कार्यान्वयन-समीक्षा-२०७१:-जानकारी-पत.pdf (२०७८ असार २ गते हेरिएको)

२२ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २००६४ दफा ४ उपदफा १

भाग २

महिला तथा बालिकाविरुद्ध भएका हिंसाका घटना तथा तथ्याङ्कको प्रस्तुति

२.१ महिला तथा बालिकाविरुद्ध सन् २०१८, २०१९ र २०२० मा भएका हिंसाका घटनाको तुलनात्मक चित्रण

२.१.१ प्रादेशिक आधारमा पीडित महिला तथा बालिकाको अवस्था

इन्सेकले गरेको अभिलेख अनुसार सन् २०१८ देखि २०२० सम्ममा बालिका हिंसाका घटनामा ३ हजार ८ सय ७३ जना, महिला हिंसाका घटनामा ७ हजार ७ सय ९२ जना पीडित भएका छन् भने यो अवधिमा ५ सय ३० जना महिला तथा बालिकाको हत्या भएको छ। तीन वर्षको अवधिमा १२ हजार १ सय ९५ जना महिला तथा बालिका विभिन्न घटनाबाट पीडित भए। यो अवधिमा लुम्बिनीका २८ प्रतिशत, बागमती प्रदेशका १९ प्रतिशत, प्रदेश १ का १५ प्रतिशत, सुदूरपश्चिम प्रदेशका १२ प्रतिशत, प्रदेश २ का ११ प्रतिशत र गण्डकी प्रदेशका १० प्रतिशत र कर्णाली प्रदेशका सात प्रतिशत पीडितका विवरण इन्सेकले अभिलेख गरेको छ। सन् २०१९ मा सन् २०१८ र २०२० मा भन्दा ६ प्रतिशत बढी महिला तथा बालिका हिंसाका घटना अभिलेख गरिएको छ। अभिलेखित १२ हजार १ सय ९५ घटनामध्ये सन् २०१८ मा ३१ प्रतिशत, सन् २०१९ मा ३७ प्रतिशत र सन् २०२० मा ३२ प्रतिशत छन्।

अभिलेखित घटना अनुसार बालिका हिंसाका घटनामध्ये सबैभन्दा बढी ६९ प्रतिशत बालिका बलात्कार घटनाबाट पीडित भए। त्यसैगरी २४ प्रतिशत बालिका यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। यो तीन वर्षको अवधिमा अभिलेखित बालिका

हिंसाका घटनामध्ये ९३ प्रतिशत यौन हिंसाका घटनाबाट पीडित भए। चार प्रतिशत बेचबिखनका घटनाबाट र तीन प्रतिशत बालविवाहका कारण पीडित भए। तीन वर्षको अवधिमा सबैभन्दा बढी बागमती प्रदेशका ९ सय ५३ जना बालिका पीडित भए भने सबैभन्दा कम कर्णाली प्रदेशमा २ सय जना बालिका पीडित भए। यही अवधिमा प्रदेश १ का ८ सय जना, लुम्बिनी प्रदेशका ७ सय ४१ जना, प्रदेश २ का ६ सय ३८ जना, गण्डकी प्रदेशका ३ सय ११ जना र सुदूरपश्चिम प्रदेशका २ सय ३० जना बालिका पीडित भए।

अभिलेखित घटना अनुसार महिला हिंसाका घटनामध्ये सबैभन्दा बढी ६५ प्रतिशत महिला घरेलु हिंसाका घटनामा पीडित भए। त्यसैगरी २१ प्रतिशत महिला बलात्कारका घटनामा पीडित भए। यो तीन वर्षको अवधिमा अभिलेखित महिला हिंसाका घटनामध्ये ६ प्रतिशत बलात्कार प्रयासका घटनामा र तीन प्रतिशत यौन दुर्व्यवहारका घटनामा पीडित भए। दुई प्रतिशत "बोक्सी"को आरोपमा, दुई प्रतिशत बेचबिखन प्रयासका घटनामा र एक प्रतिशत बेचबिखनका घटनामा पीडित भए।

सन् २०१८-२०२० को अवधिमा सबैभन्दा बढी प्रदेश २ का १ सय ३१ जना मारिएका छन्। त्यसैगरी प्रदेश १ का १ सय ७, लुम्बिनी प्रदेशका १ सय ४, बागमती प्रदेशका ७६, सुदूरपश्चिम प्रदेशका ४७, गण्डकी प्रदेशका ३४ र कर्णाली प्रदेशका ३१ जना महिला तथा बालिकाको हत्या भएको अभिलेख छ। अभिलेखित विवरण अनुसार ९७ जना बालिका यो अवधिमा मारिए। त्यसैगरी १८-२३ वर्ष उमेर समूहका ९४ जना, २४-२९ वर्ष उमेर समूहका ८५ जना, ३०-३५ वर्ष उमेर समूहका ७७ जना, ३६-४१ वर्ष उमेर समूहका ३४ जना मारिए। ४२-४७ वर्ष उमेर समूहका ४६ जना, ४८-५३ वर्ष उमेर समूहका २४ जना, ५४-५९ वर्ष उमेर समूहका १९ जना, ६०-६५ वर्ष उमेर समूहका २५ जना, ६६-७१ वर्ष उमेर समूहका १३ जना र ७२ वर्षभन्दा माथिको उमेरका १६ जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गरेको छ।

२.१.२ *उमेरको आधारमा पीडित महिला तथा बालिकाको अवस्था*

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गरेको अभिलेख अनुसार सन् २०१८-२०२० मा विभिन्न घटनामा परी पीडित भएका महिला र बालिका हिंसाका घटनामध्ये सबैभन्दा बढी ३३ प्रतिशत १८ वर्षमुनिका बालबालिका पीडित भएका छन्। त्यसैगरी

१८-२३ वर्ष उमेर समूहका र २४-१९ वर्ष उमेर समूहका १९/१९ प्रतिशत महिला पीडित भएका छन्। त्यसैगरी ३०-३५ वर्ष उमेर समूहका १४ प्रतिशत, ३६-४१ वर्ष उमेर समूहका ६ प्रतिशत, ४२-४७ वर्ष उमेर समूहका तीन प्रतिशत, ४८-५३ वर्ष उमेर समूहका दुई प्रतिशत र ५४-५९, ६०-६५, ६६-७१ र ७२ वर्ष माथिका उमेर समूहका एक/एक प्रतिशत महिलाहरू पीडित भएका छन्।

अभिलेखित घटना अनुसार सन् २०२० मा १८ वर्ष मुनिका बालिका सबैभन्दा बढी पीडित भए। सन् २०२० मा ३६ प्रतिशत बालिका पीडित भए भने सन् २०१८ मा २९ प्रतिशत र २०१९ मा ३५ प्रतिशत बालिका पीडित भए। त्यसैगरी १८-२३ वर्ष उमेर समूहका महिला सन् २०१९ मा २० प्रतिशत, सन् २०२० मा १९ प्रतिशत र सन् २०१८ मा १८ प्रतिशत पीडित भए। तुलनात्मक अध्ययन गर्दा सन् २०२० मा १८ वर्ष मुनिका बाहेक अन्य उमेर समूहका महिला सन् २०१९ र २०१८ मा भन्दा पीडित कम छन्। २०१९ मा २४-२९ वर्ष उमेर समूहका २१ प्रतिशत पीडित छन्। सन् २०१८ मा बालिकाको पीडित प्रतिशत कम भएपनि अन्य उमेर समूहमा सन् २०१९ र २०२० भन्दा बढी छ।

१.२.३ *जातका आधारमा पीडित महिला तथा बालिकाको अवस्था*

इन्सेकले गरेको अभिलेख अनुसार सन् २०१८-२०२० मा विभिन्न घटनामा परी पीडित भएका महिला तथा बालिकामध्ये सबैभन्दा बढी २९ प्रतिशत जनजाति रहेका छन्। त्यसैगरी २३ प्रतिशत दलित, २० प्रतिशत क्षेत्री, १० प्रतिशत ब्राम्हण, चार/चार प्रतिशत मुस्लिम र नखुलेका, तीन प्रतिशत यादव, दुई प्रतिशत तेली, आदिवासी, मण्डल, नेवार, सन्यासी र अन्य एक/एक प्रतिशत पीडित भएका छन्।

सन् २०१८ मा २८ प्रतिशत जनजाति महिला तथा बालिका पीडित भए। त्यसैगरी दलित २३ प्रतिशत, क्षेत्री १९ प्रतिशत, ब्राम्हण १० प्रतिशत, नखुलेका ६ प्रतिशत, मुस्लिम चार प्रतिशत, आदिवासी र यादव दुई/दुई प्रतिशत र वैश्य, नेवार, मण्डल, सन्यासी, तेली र अन्य एक/एक प्रतिशत पीडित भएका इन्सेकले अभिलेख गरेको छ।

सन् २०१९ मा २९ प्रतिशत जनजाति महिला तथा बालिका पीडित भए। त्यसैगरी दलित २३ प्रतिशत, क्षेत्री २२ प्रतिशत, ब्राम्हण नौ प्रतिशत, मुस्लिम चार प्रतिशत, यादव र नखुलेका तीन/तीन प्रतिशत, तेली र नेवार दुई/दुई प्रतिशत र सन्यासी, मण्डल तथा अन्य एक/एक प्रतिशत पीडित भएका छन्।

सन् २०२० मा ३१ प्रतिशत जनजाति महिला तथा बालिका पीडित भए। त्यसैगरी दलित २५ प्रतिशत, क्षेत्री १९ प्रतिशत, ब्राम्हण नौ प्रतिशत, मुस्लिम चार प्रतिशत, यादव तीन प्रतिशत, तेली र नखुलेका दुई/दुई प्रतिशत, आदिवासी, मण्डल र सन्यासी एक/एक प्रतिशत तथा अन्य दुई प्रतिशत पीडित भएका छन्।

इन्सेकले गरेको अभिलेख अनुसार सन् २०१८-२०२० मा विभिन्न घटनामा परी पीडित भएका बालिकामध्ये सबैभन्दा बढी ३२ प्रतिशत जनजाति रहेका छन्। त्यसैगरी २४ प्रतिशत दलित, १७ प्रतिशत क्षेत्री, आठ प्रतिशत ब्राम्हण, पाँच प्रतिशत नखुलेका, तीन/तीन प्रतिशत यादव र मुस्लिम, दुई प्रतिशत तेली, आदिवासी, कोइरी, मण्डल, नेवार र सन्यासी एक/एक प्रतिशत र वैश्य तथा बानिया एक प्रतिशत पीडित भएका छन्।

घटनाका आधारमा विश्लेषण गर्दा २ हजार ६ सय ८८ जना बालिका बलात्कारका घटनाबाट पीडित भएका छन्। तिमध्ये ३२ प्रतिशत जनजाति बालिका बलात्कार घटनाबाट पीडित भएका छन्। त्यसैगरी २५ प्रतिशत दलित बालिका र १६ प्रतिशत क्षेत्री बालिका बलात्कारका घटनाबाट पीडित भएका इन्सेकले अभिलेख गरेको छ।

सन् २०१८-२०२० मा विभिन्न घटनामा परी पीडित भएका महिलामध्ये सबैभन्दा बढी २८ प्रतिशत जनजाति रहेका छन्। त्यसैगरी २३ प्रतिशत दलित, २२ प्रतिशत क्षेत्री, १० प्रतिशत ब्राम्हण, चार प्रतिशत मुस्लिम, तीन प्रतिशत यादव र तीन प्रतिशत नखुलेका छन्। आदिवासी, मण्डल, नेवार, सन्यासी र तेली एक/एक प्रतिशत छन्। त्यसैगरी वैश्य, बानिया, गोडिया, कायस्थ र कोइरी एक प्रतिशतभन्दा कम छन्।

सन् २०१८-२०२० मा परिवारजनबाट ५ सय ३० जना महिला र बालिकाको हत्या भएको छ। अभिलेखित घटनामध्ये जनजाति १ सय ८१, दलित १ सय ४, क्षेत्री ७९, ब्राम्हण ५५, यादव ३२, मुस्लिम १६, तेली १४ र नखुलेका १२ जना रहेका छन्।

त्यसैगरी मण्डल र सन्यासी नौ/नौ जना, आदिवासी, कोइरी र नेवार पाँच/पाँच जना, बानिया तीन जना र कायस्थ एक जना रहेका छन्।

१.२.४ *पेसाका आधारमा पीडित महिला तथा बालिकाको अवस्था*

सन् २०१८-२०२० मा महिला तथा बालिका हिंसाका घटनामा ३४ प्रतिशत गृहिणी, ३२ प्रतिशत विद्यार्थी, २८ प्रतिशत कृषक पीडित भएका छन्। त्यसैगरी दुई प्रतिशत श्रमिक, व्यापारी, ज्येष्ठ नागरिक, नाबालिका, नखुलेका एक/एक प्रतिशत पीडित भएका अभिलेखित तथ्याङ्कले देखाउँछ। यही अवधिमा मारिएका महिला तथा बालिकामध्ये ४३ प्रतिशत गृहिणी, ३१ प्रतिशत कृषक, १२ प्रतिशत विद्यार्थी, पाँच प्रतिशत नखुलेका, तीन प्रतिशत नाबालिका, एक/एक प्रतिशत श्रमिक र शिक्षिका तथा अन्य चार प्रतिशत अन्य रहेका छन्।

अभिलेखित घटना अनुसार यो अवधिमा बालिकामाथि भएका हिंसाका घटनामध्ये विद्यार्थी ८८ प्रतिशत, कृषक ६ प्रतिशत, नाबालिका चार प्रतिशत र नखुलेका दुई प्रतिशत छन्। सन् २०१८-२०२० मा महिला हिंसाका घटनामा सबैभन्दा बढी गृहिणी पीडित भएका छन्। यो अवधिमा ५० प्रतिशत गृहिणी, ३९ प्रतिशत कृषक, ६ प्रतिशत विद्यार्थी, तीन प्रतिशत श्रमिक, एक प्रतिशत व्यापारी र एक प्रतिशत अन्य महिला पीडित भएका छन्।

अभिलेखित घटना अनुसार सन् २०१८ मा ३८ प्रतिशत गृहिणी, २९ प्रतिशत विद्यार्थी, २६ प्रतिशत कृषक, दुई/दुई प्रतिशत नाबालिका र नखुलेका तथा एक/एक प्रतिशत व्यापारी, श्रमिक र अन्य रहेका छन्। अभिलेखित घटना अनुसार सन् २०१९ मा ३६ प्रतिशत गृहिणी, ३० प्रतिशत विद्यार्थी, २८ प्रतिशत कृषक, दुई/दुई प्रतिशत श्रमिक र नखुलेका तथा एक/एक प्रतिशत नाबालिका र अन्य रहेका छन्। अभिलेखित घटना अनुसार सन् २०२० मा ३७ प्रतिशत विद्यार्थी, २९ प्रतिशत कृषक, २७ प्रतिशत गृहिणी, तीन प्रतिशत श्रमिक, एक/एक प्रतिशत व्यापारी, नाबालिका, नखुलेका र अन्य रहेका छन्।

१.१.५ आर्थिक अवस्थाका आधारमा पीडित महिला तथा बालिकाको अवस्था

इन्सेकले गरेको अभिलेख अनुसार सन् २०१८-२०२० मा अभिलेखित महिला तथा बालिका हिंसाका घटनामध्ये ५० प्रतिशत निम्न वर्गीय परिवारका पीडित भएका छन्। त्यसैगरी ३४ प्रतिशत मध्यम वर्गीय परिवारका, १३ प्रतिशत अति निम्नवर्गीय परिवारका र तीन प्रतिशत नखुलेका छन्। सन् २०१८-२०२० मा अभिलेखित बालिका हिंसाका घटनामध्ये सबैभन्दा बढी ५३ प्रतिशत निम्न वर्गीय परिवारका छन्। त्यसैगरी २६ प्रतिशत मध्यम वर्गीय परिवारका, १८ प्रतिशत अति निम्न वर्गीय परिवारका र तीन प्रतिशत नखुलेका छन्। तीन जना उच्चवर्गीय परिवारका बालिका यो अवधिमा पीडित भए। सन् २०१८-२०२० मा अभिलेखित महिला हिंसाका घटनामध्ये सबैभन्दा बढी ४८ प्रतिशत निम्नवर्गीय परिवारका छन्। त्यसैगरी ३८ प्रतिशत मध्यम वर्गीय परिवारका, १० प्रतिशत अति निम्न वर्गीय परिवारका, तीन प्रतिशत नखुलेका र एक प्रतिशत उच्च वर्गीय परिवारका महिला यो अवधिमा पीडित भए।

सन् २०१८ मा अभिलेखित घटना अनुसार निम्न वर्गीय परिवारका ५७ प्रतिशत, मध्यम वर्गीय परिवारका ३६ प्रतिशत, अति निम्न वर्गीय परिवारका ६ प्रतिशत र नखुलेका एक प्रतिशत महिला तथा बालिका पीडित भए। बालिका मात्रै पीडित भएका घटनालाई केलाउँदा निम्न वर्गीय परिवारका ६० प्रतिशत, मध्यम वर्गीय परिवारका ३३ प्रतिशत, अति निम्न वर्गीय परिवारका ५ प्रतिशत र नखुलेका दुई प्रतिशत रहेका छन्। महिलाको मात्रै अवस्थालाई विश्लेषण गर्दा निम्न वर्गीय परिवारका ५५ प्रतिशत, मध्यम वर्गीय परिवारका ३८ प्रतिशत, अति निम्न वर्गीय परिवारका ६ प्रतिशत र नखुलेका एक प्रतिशत रहेका छन्।

सन् २०१९ मा अभिलेखित घटना अनुसार निम्न वर्गीय परिवारका ४६ प्रतिशत, मध्यम वर्गीय परिवारका ४० प्रतिशत, अति निम्न वर्गीय परिवारका १२ प्रतिशत र नखुलेका दुई प्रतिशत महिला तथा बालिका पीडित भए। बालिका मात्रै पीडित भएका घटनालाई केलाउँदा निम्न वर्गीय परिवारका ४९ प्रतिशत, मध्यम वर्गीय परिवारका ३२ प्रतिशत, अति निम्न वर्गीय परिवारका १८ प्रतिशत र नखुलेका एक प्रतिशत रहेका छन्। महिलाको मात्रै अवस्थालाई विश्लेषण गर्दा मध्यम वर्गीय परिवारका ४६ प्रतिशत, निम्न वर्गीय परिवारका ४४ प्रतिशत, अति निम्न वर्गीय परिवारका ८ प्रतिशत र नखुलेका दुई प्रतिशत रहेका छन्।

सन् २०२० मा अभिलेखित घटना अनुसार निम्न वर्गीय परिवारका ४८ प्रतिशत, मध्यम वर्गीय परिवारका २४ प्रतिशत, अति निम्न वर्गीय परिवारका २१ प्रतिशत, नखुलेका ६ प्रतिशत र उच्च वर्गीय परिवारका एक प्रतिशत महिला तथा बालिका पीडित भए। बालिका मात्रै पीडित भएका घटनालाई केलाउँदा निम्न वर्गीय परिवारका ५० प्रतिशत, अति निम्न वर्गीय परिवारका २७ प्रतिशत, मध्यम वर्गीय परिवारका १६ प्रतिशत र नखुलेका सात प्रतिशत रहेका छन्। महिलाको मात्रै अवस्थालाई विश्लेषण गर्दा निम्न वर्गीय परिवारका ४७ प्रतिशत, मध्यम वर्गीय परिवारका २९ प्रतिशत, अति निम्न वर्गीय परिवारका १८ प्रतिशत, नखुलेका पाँच प्रतिशत र उच्च वर्गीय परिवारका एक प्रतिशत रहेका छन्।

१.१.६ *महिला तथा बालिकाविरुद्ध हुने हिंसाका प्रकृतिको प्रतिनिधिमूलक घटना*

हत्या

- रुकुम पूर्वको भूमे गाउँपालिका-३ सिमाकी ६० वर्षीया दिलमाया पुनलाई २०७६ माघ २६ गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले पति ७९ वर्षीय नरबहादुर पुनलाई २०७६ माघ २७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपित पुनले मादक पदार्थ सेवन गरी पत्नीलाई कुटपिट गरेको भन्दै पीडित पक्षले ०७६ माघ २६ गते जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्वमा उजुरी दियो। कुटपिटबाट गम्भीर घाइते भएकी दिलमायाको जिल्ला अस्पताल, रुकुमकोटमा उपचारको क्रममा माघ २७ गते मृत्यु भएको प्रहरीले जनायो। शवको पोष्टर्माटम माघ २७ गते जिल्ला अस्पताल, रुकुमकोटमा गरिएको प्रहरीले जनायो। जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवटको २०७७ असार २३ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।
- कञ्चनपुरको शुक्लाफाँटा नपा-१० टोटीकी ७ वर्षीया बालिका रीतु डगौरालाई ०७५ माघ २२ गते रीतुका हजुरआमा ४३ वर्षीया रेशमी डगौरा र ६० वर्षीय हजुरबुबा भर्थरी डगौराले विष खुवाएर मारेको आरोपमा मृतकका हजुरबुबा र हजुरआमालाई इलाका प्रहरी कार्यालय, झलारीले ०७५ माघ २२ गते गिरफ्तार गऱ्यो। मृतक बालिकाकी आमा ज्योति डगौराले माघ २२ गते उजुरी दिएपछि दुवैलाई प्रहरीले गिरफ्तार गरेको थियो। शवको ०७५ माघ २२ गते महाकाली अञ्चल अस्पतालमा पोष्टमार्टम भयो। प्रहरीले फागुन २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा

जिल्ला अदालत कञ्चनपुरका न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले आरोपितद्वयलाई ०७६ जेठ ५ गते जन्मकैदको सजाय सुनायो।

- ओखलढुङ्गाको जन्तेढुङ्गा गाउँपालिका-५ चिसापानीकी ६० वर्षीया रामकुमारी राईलाई २०७५ फागुन २९ गते हत्या गरेको आरोपमा ७१ वर्षीय पति ध्यानबहादुर राईविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोर्ष्टमार्टम फागुन ३० गते जिल्ला अस्पतालमा गरी शव परिवारको जिम्मा लगाएका जिल्ला प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद गौतमको इजलासले २०७६ असार ८ गते आरोपितलाई जन्मकैदको फैसला सुनायो।
- बझाङको सुर्मा गाउँपालिका-४ की २५ वर्षीया जुना पूजारालाई घरायसी विवादमा ०७६ जेठ १६ गते ३६ वर्षीय काका लोकेन्द्र पुजाराले धारिलो हतियार प्रयोग गरी हत्या गरेको भन्दै मृतकका आफन्तले जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई जेठ १६ गते सुर्मा प्रहरी चौकीबाट खटिएका प्रहरीले घरैबाट गिरफ्तार गरी जेठ १७ गतजिल्ला प्रहरी कार्यालयमा बुझायो। जिल्ला प्रहरी कार्यालयले असार ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले कात्तिक २८ गते आरोपितलाई २५ वर्ष कैद सजायको फैसला सुनायो।

हत्यापछि बलात्कार

- उदयपुरको रौतामाई गाँउपालिका-३ लाफागाँउकी १३ वर्षीया एल्जीना खड्काको २०७५ कार्तिक २४ गते हत्यापछि बलात्कार गरेको आरोपमा सोही ठाँउका १५ र १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितद्वयले बाख्रा चराउँदै गरेकी बालिकालाई बलात्कार गर्ने क्रममा हत्या गरेको पीडित पक्षको आरोप छ। आरोपितद्वयलाई प्रहरीले कात्तिक २५ गते गिरफ्तार गरी हत्या र जबरजस्तीकरणी शीर्षकमा जिल्ला अदालतमा मङ्सिर २५ गते मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितद्वयलाई पुर्पक्षका लागि बालसुधार गृह विराटनगर पठायो।

- कञ्चनपुरको भीमदत्त नपा-२ उल्टाखामकी १३ वर्षीय बालिका निर्मला पन्त ०७५ साउन १० गते साथीको घर गएदेखि परिवारको सम्पर्क बाहिर थिइन्। खोजी गर्ने क्रममा साउन ११ गते बिहान उनको शव भीमदत्त नपा-१८ निम्बुखेडा नजिकै रहेको उखुबारीमा पानीमा डुबेको अवस्थामा फेला परेको थियो। साथीको घर गएकी निर्मला साँझसम्म पनि घर नफर्किएपछि उनकी आमा दुर्गादेवी पन्त र आफन्तहरू निर्मलाकी साथी रोशनी बमको घरमा पुगी सोधपुछ गर्दा निर्मला दिउँसो २ बजे नै आफ्नो घरबाट निस्किएको जबाफ बमले दिएकी थिइन्। निर्मलाकी आमा दुर्गादेवी र छिमेकीले तत्काल इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा खोजतलासका लागि अनुरोध गरे पनि प्रहरीले तत्काल केही गर्न नसक्ने र भोलिदेखि खोजतास गरौँला भन्ने जबाफ दिएको दुर्गादेवीले बताइन्। निर्मलाको शव भेटिएपछि साउन ११ गते आफन्त र स्थानीयहरू आक्रोशित भई प्रहरी प्रशासनविरूद्ध नाराजुलुस गर्दै महेन्द्रनगर बजारमा प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा प्रहरीले भिड तितरबितर गर्दा स्थानीय र प्रहरीबीच झडप भएको थियो।

निर्मला पन्तको शवलाई साउन ११ गते नै महाकाली अञ्चल अस्पतालमा पोष्टमार्टमको लागि लगिएको भए पनि शवको पोष्टमार्टम साउन १२ गते मात्रै गरिएको थियो। पोष्टमार्टम रिपोर्टमा उनको हत्या बलात्कार पश्चात घाँटीको कड थिचेर गरिएको उल्लेख छ। पोष्टमार्टम रिपोर्टमा बलात्कारपश्चात हत्या गरिएको सूचना सार्वजनिक भएपछि प्रहरी प्रशासनले शवको दाहसंस्कार गर्न दबाब दिएको पीडित पक्षको आरोप छ। शवको दाहसंस्कार साउन १४ गते गरियो। घटनाको प्रारम्भिक चरणदेखि नै प्रहरी प्रशासनले लापारबाही गरी घटनाका मुख्य अभियुक्तलाई जोगाउन खोजेको र आन्दोलनका क्रममा अत्याधिक बल प्रयोग गरी आन्दोलनकारी र स्थानीयमाथि गोली हानी हत्या र घाइते बनाएको आरोप व्यापक रूपमा आउन थाल्यो।

सरकारले जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख एसपी डिल्लीराज विष्टलाई निलम्बन गरी एसपी कुवेर कडायतलाई जिल्ला प्रहरी कार्यालयको प्रमुखको जिम्मेवारी दियो। घटनाको अनुसन्धानमा संलग्न केन्द्रीय अनुसन्धान विभागका डिएसपी अङ्गुर जिसी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी ज्ञानबहादुर सेटी, अनुसन्धान अधिकृत प्रहरी इन्स्पेक्टर एकेन्द्र खड्का र असई रामसिंह धामीलाई पनि निलम्बन गरिएको थियो।

गृह मन्त्रालयले २०७५ कात्तिक ८ गते कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख रहेका निलम्बित एसपी दिल्लीराज बिष्ट र इन्स्पेक्टर जगदीशप्रसाद भट्टलाई सेवाबाटै बर्खास्त गऱ्यो। निर्मला पन्तको बलात्कारपछि हत्या घटनाको छानविन गर्न भदौ ७ गते गृह मन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वमा गठित उच्चस्तरीय छानविन समितले भदौ ३० गत प्रारम्भिक र असोज ९ गते गृहमन्त्रीलाई पूर्ण प्रतिवेदन बुझायो। घटनाको अनुसन्धानमा प्रहरीबाट लापारवाही भएको भन्दै संलग्नलाई कारबाहीको दायरामा ल्याउन उक्त समितिले सरकार लाई सुझाव दिएको छ। उक्त प्रतिवेदनमा निर्मला पन्त हराएको प्रहरीमा जानकारी गराउँदा तत्काल खोजतलासका लागि प्रहरी उदासिन रहेको निष्कर्ष छ।

निर्मलाका परिवारले न्यायको माग गर्दै कात्तिक २५ गतेदेखि यो वर्षको अन्त्यसम्म जिल्ला प्रशासन कार्यालयको मुलगेटमा अनिश्चितकालीन धर्ना दिइरहेका छन्। धर्नामा बसिरहेकै अवस्थामा ०७५ मङ्सिर ८ गते मानसिक सन्तुलन गुमाउन पुगेका निर्मलाका बुबा यज्ञराज पन्तको उपचार त्रिविवि शिक्षण अस्पताल, काठमाडौँमा भयो। उच्चस्तरीय समितले उक्त घटनाको अनुन्धानमा प्रहरीले लापारवाही गरेको प्रतिवेदनमा उल्लेख गरेपछि अनुसन्धनमा संलग्न प्रहरीको छानविन तथा घटनाको अनुसन्धान गन सरकारले भदौ ३१ गते एआइजी धिरू बस्नेतको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गऱ्यो।

पीडित परिवारलाई तत्कालका लागि राहतस्वरूप भीमदत्त नगरपालिकाले ३ लाख रुपियाँ, सुदूरपश्चिम सरकारले ५ लाख रुपियाँ र सङ्घीय सरकारले १० लाख रुपियाँ रकम दिने घोषणा गरे। हालसम्म घटनाका आरोपितसम्म प्रहरी पुग्न सकेको छैन।

- ताप्लेजुङको मिक्लाजुङ गाउँपालिका-७ मधुमल्लाकी ४४ वर्षीया शान्तिकला तामाङको २०७४ फागुन २० गते स्थानीय राम्री खोलामा बलात्कारपछि हत्या गरेर फालेको अवस्थामा शव फेला परेको एसपी अरुण बिसीले बताए। फागुन १९ गते राति छिमेकीको गुन्युचोलीमा गएर फर्कंदा उनको बलात्कारपछि ढुङ्गाले किचेर हत्या भएको प्रहरीको भनाइ छ। शवको पोस्टमार्टम मङ्गलबारे अस्पतालमा फागुन २० गते भयो। घटनामा संलग्न भएको आरोपमा २०७५ असार ७ गते गिरफ्तार भएका सोही ठाउँका ३० वर्षीय हिकबहादुर बस्नेतलाई जिल्ला अदालतले २०७५ कात्तिक २८ गते जन्म कैदको सजाय सुनायो।

- देवदह नपा-११ की १३ वर्षीया बालिकालाई २०७७ जेठ ९ गते साँझ बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले सोही ठाउँका २५ वर्षीय कोइला भनिने वीरेन्द्र भर, भरकी आमा ५० वर्षीया अकाली भर र ५५ वर्षीया सितली भर विरुद्ध जेठ १३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। आरोपित वीरेन्द्र भरले बालिकालाई गाउँ नजिकैको खरियानमा बलात्कार गरेको र गाउँलेहरूले देखेपछि नियन्त्रणमा लिई जेठ १० गते बिहान देवदह नपा-११ का वडा अध्यक्ष अमरबहादुर चौधरीसहित गाउँलेले पीडित बालिकालाई आरोपित भरको जिम्मा लगाएको पीडित परिवारले आरोप लगायो। आरोपित कथित माथिल्लो जात भनिने र बालिका दलित समुदायको भएकोले बलात्कारको घटनाबाट जोगाउन बालिकालाई जेठ १० गते भरको जिम्मा लगाएर पठाइएको थियो। आरोपित भरले बालिकालाई आफ्नो घरमा लगेपछि वीरेन्द्रको आमा र ठूली आमाले "हाम्रो जात मिल्दैन यसलाई घरमा पस्न दिँदैनौँ" भनी, कुटपिट तथा लछारपछार गरेपछि वीरेन्द्रले देवदह नपा-२ पेटवनियास्थित अर्को आफ्नै घर लिएर गएको स्थानीय प्रत्यक्षदर्शीले बताए बालिका जेठ १० गते साँझ देवदह नपा-२ पेटवनियाको घरदेखि पश्चिमतर्फ रहेको रोहिणी खोलाको छेउमा रहेको भेलोरको रुखमा झुण्डिएको, शरीरमा लगाएको माथिल्लो बस्त्र दुई तीन ठाउँमा च्यातिएको, शरीरमा निलडामहरू देखिएको, आरोपित वीरेन्द्र भरले लगाएको चाँदीको सिक्री मृतकको भित्री बस्त्रमा अड्किएको अवस्थामा फेला परेकाले बालिकाले आत्महत्या गरेको नभई झुण्ड्याएर मारिएको पीडित पक्षले आरोप लगायो।

पीडित पक्षले घटना बारेमा जेठ १२ गते उजुरी दिँदा प्रहरीले नलिएपछि अधिकारकर्मीहरूको पहल र दबाबमा जेठ १३ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दर्ता भयो। प्रहरीले जेठ १५ गते आरोपितहरूलाई गिरफ्तार गरेर जिल्ला अदालत रूपन्देहीबाट सात दिनको म्याद थपेर हिरासतमा राख्यो। प्रहरीले आरोपितहरू विरुद्ध जातीय छुवाछूत, जबरजस्तीकरणी र आत्महत्या दुरुत्साहन अभियोगमा साउन २१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले साउन २१ गते आरोपितहरूलाई पुपक्षका लागि थुनामा पठायो। आरोपितहरूको तर्फबाट उच्च अदालत तुल्सीपुर इजलासमा असोज २६ गते बन्दीप्रत्यक्षीकरणको रिट दर्ता भयो। उच्च अदालत, तुल्सीपुर इजलासका न्यायाधीश सुदर्शन भट्ट र बाबुराम रेग्मीको मङ्सिर ४ गतेको आदेशले आरोपितहरूमध्ये अकाली भर र सितली भरलाई साधारण तारिखमा रिहा गऱ्यो। यस वर्षको अन्तिमसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार नेत्रप्रसाद भुसालले बताए।

इन्सेकले घटनाका बारेमा जेठ १५ देखि १७ गतेसम्म स्थलगत अध्ययन गऱ्यो। बालिकामाथि भएको बलात्कार जस्तो जघन्य अपराधमा कानुनी उपचारको साटो आरोपितको जिम्मा लगाउने कार्य भएकोले जनप्रतिनिधि र समाजका अगुवाले नै कानुन विपरीत कार्य गर्दा थप अपराध जन्मिएको देखिन्छ। घटना गम्भीर मानव अधिकारको उल्लङ्घन, जातीय भेदभाव र रहस्यमय मृत्यु भएकाले अनुसन्धानको दायरा फराकिलो बनाउँदै पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासनले गहिरो अनुसन्धान गर्नुपर्ने सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख थियो।

हत्या प्रयास

- धनुषा जिल्ला धनुषाधाम नपा-७ धारापानीकी १८ वर्षीया कोशिला मण्डललाई सासू ४५ वर्षीया कमलदेवी, ४० वर्षीया काकी सासू किसुनदेवी, ४५ वर्षीय काका ससुरा दिनेश मण्डल, नन्द १७ वर्षीया मनिता मण्डल र १५ वर्षीया शर्मिला मण्डलसमेत मिली २०७५ वैशाख ३ गते राति थप दाइजो नल्याएको भन्दै कुटपिट गरी घाँटी थिची मार्ने प्रयास गरेको भन्दै पीडितले २०७५ वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। करिब १० लाख रुपियाँ बराबरको दाइजो दिए पनि ज्वाइँले पटकपटक थप पैसाका लागि दबाब दिँदै आएको पीडितकी आमा लिलमायादेवीले बताइन्। घटना भएको पाँच दिन पहिले सासू र ससुराले कुटपिट गरेकाले भागेर माइत पुगेकी कोशिलालाई मलेसिया रोजगारीमा रहेका पति मनिष मण्डलले माइती पक्षसँग माफी मागेपछि वैशाख ३ गते घर फर्काएका थिए। दिदीलाई पुऱ्याउन गएका सानो भाइले कुटपिट गरिरहेको देखेर आफ्नो घरमा फोन गरी दाजु रामकुमार मण्डललाई बोलाएका थिए। घटना बारे उनले प्रहरीलाई खबर गरेका थिए। प्रहरीले उद्धार गरी स्थानीय ग्रान्डी हेल्थ केयर सेन्टर प्रा.लि.मा उपचार गराएका थिए। उता प्रहरी बोलाएको भन्दै मलेसियाबाटै ज्वाइँ मनिषले धम्क्याएको रामकुमारले बताए। दुवै पक्षबीच २०७५ वैशाख १५ गते मिलापत्र भयो।

बेचबिखन

- १३ वर्षीया बालिकालाई भारततर्फ लगी बेचबिखन गरेको आरोपमा पीडितका आफन्तले भारत अररिया कुर्साककटा-१३ घर भई रङ्गेली नपा-८, मोरङ बस्ने ३५ वर्षीय मुजफर मियाविरुद्ध २०७५ वैशाख २८ गते उजुरी दिए। वैशाख ७

गते गाउँमै लागेको मेला हेर्न गएकी बालिका बेपत्ता भएपछि अभिभावकले खोजी थालेका थिए। भारतमा रहेको पत्ता लगाएर प्रहरीसहित गएको टोलीले भारत उत्तर प्रदेशको महाराजपुर गाजियवादमा बन्धक बनाएर राखेको अवस्थामा वैशाख २६ गते उद्धार गरी नेपाल फर्काएको थियो। आरोपितलाई वैशाख २६ गते गिरफ्तार गरी मुजफरलाई जिल्ला अदालतले २०७५ साउन ४ गते ६ वर्ष कैद, २५ हजार रुपियाँ जरिवाना र २० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने सजाय सुनायो।

- २२ र २३ वर्षीया युवतीले आफूहरूलाई बेचबिखन गर्न लागेको भन्दै बारा जिल्ला ठोरी गापा-४, निर्मल बस्तीकी ३६ वर्षीया सोमरानी लोप्चन र बाराको जीतपुर सिमरा उमनपा-९ अमलेखगन्जकी २६ वर्षीया तीर्थमाया थिङविरुद्ध असार २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उनीहरूलाई भारतका बाटो भएर कुवेत पठाउने र जागिर लगाइदिने भन्दै भारततर्फ लग्दै गरेको अवस्थामा ठोरी नाकाबाट प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले २०७५ मङ्सिर १७ गते जनही १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको सजाय सुनायो।

- १९ वर्षीया युवती सहित चार जना बालिकालाई कावासोती नगरपालिका-१५, नवलपरासी (पूर्व) जिल्ला निवासी ३९ वर्षीया उमा भन्ने माया विक र भारत उत्तर प्रदेश निचलोता निवासी ५० वर्षीय मिश्रिलाल पासवान र ३१ वर्षीय छोरा जगदीश पासवानले भारततर्फ विक्रीका लागि लैजाँदै गर्दा २०७५ माघ ७ गते प्रहरीले उद्धार गरी पीडितलाई परिवारको जिम्मा लगायो। आरोपितविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा उमा र मिश्रिलाललाई प्रहरीले माघ १० गते नै गिरफ्तार गऱ्यो। अनुसन्धानपछि फागुन ८ गते जिल्ला अदालत पेश गरेकोमा आदेशअनुसार सोही दिन दुवै जना पुर्पक्षका लागि थुनामा गए। २०७६ कात्तिक १८ गते जिल्ला अदालतको फैसलाले उमा भन्ने माया बिकलाई १ वर्ष ६ महिना कैद र पीडितलाई जनही ५/५ हजार दिलाउने र मिश्रीलाललाई सफाइ दियो। जगदिश पासवान फरार रहे।

बेचबिखन प्रयास

- १४ वर्षीया बालिकालाई २०७५ पुस २८ गते नवलपरासी (पश्चिम) जिल्ला सरावल गाउँपालिका-५ दुवौलियाका २१ वर्षीय इन्दल गौड र उनकी २३ वर्षीया पत्नी आरती गौडले वैदेशिक रोजगारीका लागि भन्दै भारततर्फ लैजाँदै गर्दा पाल्हीनन्दन गाउँपालिका-१ महेशपुरबाट प्रहरीले गिरफ्तार गरी पीडितलाई उद्धार गऱ्यो। पीडितलाई पुस २९ गते आफन्तको जिम्मा लगायो। आरोपितद्वय उपर पुस २९ गते मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता भयो। माघ २६ गते जिल्ला अदालत पेश गरेकोमा माघ २७ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा पठायो। २०७६ वैशाख ९ गतेको फैसलाबाट दुवै जनालाई ३ वर्ष ६ महिना कैद सजाय भयो।

बलात्कार

- ६९ वर्षीया वृद्ध महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले मुस्ताङ जिल्ला घोरपझोङ गाउँपालिका-१ चिमाङ बस्ने ३५ वर्षीय सुनबहादुर बिकलाई २०७४ माघ २२ गते बेलुकी गिरतार गऱ्यो। सुनबहादुरले माघ २२ गते दिउँसो मादक पदार्थ सेवन गरी बलात्कार गरेको भन्दै स्थानीयबासीले नियन्त्रणमा लिई प्रहरीलाई खबर गरेका थिए। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले फागुन १४ गते आरोपितलाई १० वर्ष कैद सजाय सुनायो।
- १८ वर्षीया गोरीकला रोकायलाई २०७४ चैत १२ गते राति सुर्खेत जिल्लाको इलाका प्रहरी कार्यालय बाबियाचौरमा कार्यरत २९ वर्षीय ट्राफिक प्रहरी जवान हरिप्रसाद कोइराला, पञ्चपुरी नपा-८ का २० वर्षीय लक्ष्मी बास्तोला र २८ वर्षीय खुमप्रसाद बास्तोलाले इलाका प्रहरी कार्यालय नजिकैको जङ्गलमा बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले चैत १३ गते इलाका प्रहरी कार्यालय, बाबियाचौरमा उजुरी दियो। टाउको र खुट्टामा गहिरो चोट लागेकी रोकायलाई बलात्कारपछि हत्या गरेलगत्तै उनको शव लक्ष्मी र खुमप्रसादले बाबियाचौर-५ स्थित गोरीकला डेरा गरी बस्ने कोठामा ल्याएर छाडेको मृतकका बुबा काले रोकायले बताए। शवको पोस्टमार्टम २०७४ चैत १४ गते सुर्खेत अस्पतालमा भयो। चैत १३ गत गिरफ्तार भएका तीनैजना आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर २३ गते कर्तव्य ज्यानमा प्रतिव्यक्ति २० वर्ष तथा जबरजस्ती करणीमा प्रतिव्यक्ति ७ वर्ष र सामूहिक करणीमा थप ५ वर्ष गरी ३२ वर्ष जन्म कैदको सजाय सुनायो।

- नौ वर्षीया बालिकालाई २०७६ वैशाख २८ गते हाडनाता करणी गरेको आरोपमा प्रहरीले ५० वर्षीय बाबुलाई वैशाख ३१ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित पक्षले आरोपितविरुद्ध वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा मौखिक उजुरी दिएलगत्तै आरोपितलाई गिरफ्तार गरेको प्रहरीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३१ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जेठ ३१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको जेठ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद गौतमको इजलासले असार ८ गते आरोपितलाई कसुर ठहर गर्दै जन्मकैदको फैसला सुनायो।
- पाँच वर्षीया बालिकालाई २०७६ साउन १ गते बलात्कार गरेको आरोपमा तनहुँ जिल्ला ऋषिङ गाउँपालिका-१ घर भई व्यास नपा-७ बस्दै आएका १९ वर्षीय नवीन थापा विरुद्ध पीडित परिवारले साउन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले साउन २ गते नै गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले साउन ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। साउन २४ गतेदेखि पुर्पक्षको लागि थुनामा रहेका थापालाई जिल्ला अदालतले पुस २ गते ४ लाख रुपियाँ जरिबाना र जन्मकैदको फैसला सुनायो।
- नौ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०७६ जेठ २१ गते बलात्कार गरेको भन्दै सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा-२ का १८ वर्षीय अमित कुमालविरुद्ध पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दियो। पीडितको स्वास्थ परीक्षण जेठ २१ गते कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले जिल्ला अदालत सुर्खेतबाट जेठ २१ गते १० दिन तथा ३१ गते ११ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा राखी अनुसन्धान गरेको थियो। प्रहरीले असार १० गते पीडकका विरुद्ध जिल्ला अदालत, सुर्खेतमा बलात्कारको आरोपमा मुद्दा दायरगरेकोमा अदालतको सोही दिनको आदेशले पीडक ६ महिना पुर्पक्षका लागि थुनामा बसे। पीडकलाई मङ्सिर ८ गते जिल्ला अदालत, सुर्खेतले जन्मकैद र क्षतिपूर्ति स्वरुप २५ हजार रुपियाँ सजाय सुनायो।

- १५ वर्षीया बालिकालाई २०७६ पुस २१ गते बलात्कार गरेको भन्दै स्याङ्जा जिल्ला गल्याङ नगरपालिका-७ का २१ वर्षीय राजन विकविरुद्ध पीडित पक्षले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ५ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले माघ ५ गते घर बाट गिरफ् तार गऱ्यो। आरोपितविरुद्ध माघ ६ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षक अन्तर्गत मुद्दा दर्ता भयो। जिल्ला अदालत, स्याङ्जाका न्यायाधीश सूर्यबहादुर थापाको ०७७ पुस १४ गतेको इजलासले कसुर ठहर गर्दै जबरजस्तीकरणी कसुरमा १८ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति साथै पीडित राहत कोषमा २ हजार ५० रुपियाँ भर्ने गरी फैसला सुनाएको स्याङ्जा, जिल्ला अदालतका श्रेस्तेदार विश्वप्रसाद रेग्मीले बताए।
- ८४ वर्षीया अपाङ्गता भएकी महिलालाई २०७५ फागुन १० गते बलात्कार गरेको भन्दै म्याग्दी जिल्ला रघुगङ्गा गाउँपालिका-३ बस्ने ३५ वर्षीय गोरे परियार विरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय, म्याग्दीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १० गते रघुगङ्गा-३ पिप्लेबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको आदेशमा थुनामा रहेका आरोपितलाई २०७६ वैशाख ३० गते १५ वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला सुनायो। जिल्ला न्यायाधीश राजकुमार कोइरालाको इजलासले मुलुकी अपराध संहिताअनुसार बलात्कार कसुरमा १० वर्ष र अशक्त तथा वृद्ध महिलालाई बलात्कार गरेकोले थप ५ वर्ष गरी १५ वर्ष कैद फैसला सुनाएको जिल्ला अदालतले जनायो। पीडितको स्वास्थ परीक्षण २०७६ फागुन ११ गते जिल्ला अस्पताल, बेनीमा भयो।
- १९ वर्षीया युवतीलाई ०७७ भदौ २२ गते बलात्कार गरेको आरोपमा धनकुटा जिल्ला धनकुटा नगरपालिका-१ का २३ वर्षीया निकेश तामाङविरूद्ध पीडित पक्षले भदौ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ २२ गते भयो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा भदौ २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो। जिल्ला अदालतले मङ्सिर ३० गते फैसला गर्दै मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) अनुसार १८ वर्ष कैद र पीडकबाट पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको छ।
- ७० वर्षीया महिलालाई चितवन जिल्ला भरतपुर महानगरपालिका-२७ सिसौघारीका २७ वर्षीय बेलबहादुर गन्धर्वले ०७६ फागुन १० गते बलात्कार गरेको भन्दै पीडित

पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दियो। आरोपितलाई फागुन ११ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ११ गते भरतपुर अस्पतालमा गरियो। आरोपितविरुद्ध प्रहरीले चैत ४ गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता भयो। न्यायाधीश हेमन्त रावलको चैत ४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका आरोपितलाई ०७७ असोज १५ गते न्यायाधीश रावलकै इजलासले जन्मकैदको फैसला सुनायो।

- ४७ वर्षीया महिलालाई ०७७ असोज ५ गते बलात्कार गरेको पुरुष ३० वर्षीय विरुद्ध पीडितले असोज ७ गते कैलाली जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले घटना पश्चात फरार रहेका आरोपितलाई असोज १९ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध असोज १९ गते जिल्ला अदालतमा बलात्कारसम्बन्धी मुद्दा दर्ता गऱ्यो। पीडितको असोज ७ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले ०७७ कात्तिक १५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बासुदेव पौडेलको इजलासले आरोपितलाई पुस १४ गते जन्मकैदको फैसला सुनायो।

बलात्कार प्रयास

२५ वर्षीय एक महिलालाई ०७५ फागुन १८ गते बलात्कारको प्रयास गरेको आरोपमा कैलाली जिल्ला कैलारी गाउँपालिका-८ का २३ वर्षीय मनिष चौधरीविरुद्ध पीडित पक्षले २०७६ जेठ ३ गते इलाका प्रहरी कार्यालय, हसुलियामा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ३ गते धनगढी उमनपा-७ मनेहरा शिविरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते सेती प्रदेशिक अस्पतालमा भयो। प्रहरीले जिल्ला अदालतमा जेठ ३ गते मुद्दा दायर गरेकोमा जिल्ला अदालतले जेठ ३ गते पुर्पक्षका लागि कारागार पठायो। जिल्ला अदालतले जेठ २६ गते १६ वर्ष कैद सजायको फैसला गऱ्यो।

३९ वर्षीया बोल्न नसक्ने महिलालाई २०७६ माघ ७ गते यौन दुर्व्यवहार गरेको आरोपमा दैलेख जिल्ला भगवतीमाई गाउँपालिका-१ गन्मका ६१ वर्षीय मानबहादुर थापा विरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १२ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन २ गते जिल्ला

अदालतमा जबरजस्तीकरणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको इजलासले आरोपितलाई ४ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो। पीडित महिलाको बकपत्रका लागि अदालतले दोभाषेको व्यवस्था गरेको थियो।

यौन दुर्व्यवहार

- १४ वर्षीया एक बालिकालाई ०७६ वैशाख ८ गते यौन दुर्व्यवहार गरेको भन्दै जाजकोट जिल्ला भेरी नपा-१० नुवागाउँका २० वर्षीय कृष्ण बिकविरुद्ध पीडितले वैशाख १० गते जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा उजुरी दिइन्। पीडितको स्वास्थ परीक्षण वैशाख ९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख ९ गते नै भेरी नपा-८ बुरुङ्गेबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७६ जेठ ३० गतेको आदेशमा थुनामा रहेका आरोपितलाई ०७६ कात्तिक २७ गते १२ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला गऱ्यो।
- १७ वर्षीया बालिकालाई ०७६ माघ ७ गते चितवन जिल्ला भरतपुर मनपा-९, शुक्रनगरका ६० वर्षीय गङ्गाधर कँडेलले यौन दुर्व्यवहार भन्दै पीडितले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई माघ १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १३ गते भरतपुर अस्पतालमा गरियो। आरोपितविरुद्ध प्रहरीले फागुन ६ गते जिल्ला अदालतमा मुद्दा दता गरेकामा प्रकाशकुमार अधिकारीको फागुन ६ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेकोमा ०७७ भदौ ३० गते सात वर्ष कैद हुने फैसला अदालतले सुनायो।

"बोक्सी"को आरोप

- "बोक्सी" बकाउने भन्दै गोरखा जिल्ला शहीद लखन गापा-६ घैरुङस्थित बास्कोटकी १५ वर्षीया जानुका श्रेष्ठमाथि २०७४ फागुन २३ गते कुटपिट भयो। हिमालय माविमा कक्षा ८ मा अध्ययन गर्ने जानुका बिरामी परपछि उनकी आमा पार्वती श्रेष्ठले बोक्सी बकाउने भन्दै कुटपिट गरेको प्रत्यक्षदर्शीले बताए। प्रधानाध्यापक

सीताराम ढकालका अनुसार फागुन २३ गते बिहान करिब ११ बजेतिर जानुका बिरामी परेकी थिइन्। दोस्रो कक्षा चलिरहेको समयमा जानुका बिरामी परिन्, किताबले साथीहरूलाई हिर्काउने, बर्बराउने गरेपछि हामीले उनकी आमालाई खबर गऱ्यौँ, प्रधानाध्यापक ढकालले भने- विद्यालयमा आमा आएपछि कुटपिट गर्न थालिन्। आमा पार्वतील विद्यालयमै बोक्सी बकाउने भन्दै बालिकालाई कुटपिट गर्न थालेको प्रत्यक्षदर्शीको भनाइ छ। कुटपिटका क्रममा बालिकाले छिमेकी ६५ वर्षीया मखना श्रेष्ठको नाम लिएकी थिइन्। त्यसपछि गाउँलेको भेला पनि बसेको थियो। उता आफूलाई बोक्सीको आरोप लगाएको भन्दै मखनाले २०७४ फागुन २७ गते गापामा उजुरी दिएकी थिइन्। बालिकाको स्वास्थ्य परीक्षण फागुन ३० गते घैरुङ स्वास्थ्य चौकीमा भयो। पार्वतीलाई प्रहरीले चैत ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले २०७५ कात्तिक ७ गतेको फैसलाअनुसार पार्वतीलाई ६ महिना कैद र ५ हजार जरिवानाको रुपियाँ सजाय सुनायो।

- ६१ वर्षीया महिलालाई ०७६ वैशाख १४ गते सुनसरी जिल्ला इनरूवा नगरपालिका-१० का ३५ वर्षीय पवनलाल शर्माले कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले ०७६ वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय, सुनसरी इनरूवामा उजुरी दिइन्। आरोपितलाई वैशाख १७ गते नै प्रहरीले गिरफ्तार गऱ्यो। घरमा बोक्सी लगाएको, गाई भैँसीमा टुनामुना लगाएको भन्दै कपाल लुछ्नुको साथै लाठी र मुक्काले निर्घात कुटपिट गर्दा शरीरभर नीलडाम परेको पीडित महिलाले बताइन्। पीडितको उपचार इनरूवा अस्पतालमा तीन दिनसम्म भयो। प्रहरीले वैशाख १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जेठ ३१ गते न्यायाधीश खिमानन्द भुसालको इजलासले आरोपितलाई ६ महिना कैद गर्ने फैसला सुनायो।

घरेलु हिंसा

- बैतडी जिल्ला शिवनाथ गाउँपालिका-३, महाकालीकी ४० वर्षीया नन्दादेवी साउदलाई २०७४ फागुन ३ गते ४० वर्षीय पति वीरसिंह साउदले कुटपिट गरी गर्भसमेत पतन गराएको भन्दै पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरी दएकै दिन गिरफ्तार गरिएका आरोपितलाई जिल्ला अदालतल २०७५ वैशाख २४ गते दुई वर्ष कैद फैसला सुनायो।

- बागलुङ जिल्ला बडिगाड गाउँपालिका-१० पात्लेकी २५ वर्षीया बालकुमारी घर्तीलाई २०७५ फागुन १६ गते पति ३५ वर्षीय पति चन्द्रबहादुर घर्तीले तरकारी पकाउने विषयमा विवाद हुँदा गोली प्रहार गरेको भन्दै स्थानीयले फागुन १७ गते इलाका प्रहरी कार्यालय, बडिगाडमा खबर गरे। स्थानीयको जानकारीपछि घटनास्थल पुगेको प्रहरीले बालकुमारीलाई फागुन १७ गते नै उपचारको लागि बुर्तिबाङ स्वास्थ्य केन्द्रमा पठायो। पीडित बालकुमारीले फागुन १९ गते जिल्ला प्रहरी कार्यालय, बागलुङमा पतिविरूद्ध उजुरी दिइन्। आरोपित चन्द्रबहादुरलाई गाउँमै लुकेर बसेको अवस्थामा प्रहरीले फागुन १८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशप्रसाद पण्डितको ०७६ असार ३ गतेको इजलासले आरोपित चन्द्रबहादुरलाइ चार महिना कैद र ४ हजार रुपियाँ जरिबाना गर्ने फैसला गऱ्यो।
- डोल्पा जिल्ला शे फोक्सुण्डो गाउँपालिका-४ भिजेरकी ४० वर्षीया छेवाङ लामालाई २०७७ मङ्सिर २० गते पति कुङका लामाले कुटपिट गरी घाइते बनाए। पतिले मदिरा सेवन गरेर कुटपिट गरेको भन्दै चार दिनको पैदल हिँडेर पीडितले सदरमुकाम दुनैमा मङ्सिर ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। कुटपिटबाट दायाँ आँखा, टाउको र बाँया खुट्टामा गहिरो चोट लागेको र गाउँमा रहेको स्वास्थ्य चौकीमा प्राथमिक उपचार गरी थप उपचार जिल्ला अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालयका डिएसपी राजु पाण्डेले पीडित महिलाको ठाडो निवेदन बुझेको, उपल्लो डोल्पामा पर्ने भिजेरमा कुटपिटका आरोपित रहेको र गिरफ्तार गर्न जान सम्भव नभएकाले सम्बन्धित वडाका अध्यक्षलाई खबर गरिएको बताए। उपल्लो डोल्पामा रहेका प्रहरी चौकीहरू जाडो बढेसँगै खाली गरिएकाले यतिखेर सुरक्षाकर्मी नहुँदा सुरक्षामा समस्या आएको फोक्सुण्डो गाउँपालिका- ८ का अध्यक्ष निमा लामाले बताए।

छाउगोठमा बस्दा लडेर घाइते

- हुम्ला जिल्ला सीमकोट गाउँपालिका-७ मा छाउ गोठमा बसेकी १७ वर्षीया लक्ष्मी शाही २०७४ फागुन २० गते लडेर घाइते भइन्। पानी परेका बेला छाउ गोठ बाहिर निस्कँदा लडेकी हुन्। महिनावारी भएका बेला छाउ गोठमा बस्दा लडेकी लक्ष्मीको दायाँ खुट्टाको माथिल्लो भाग नचल्ने भयो। घरभन्दा टाढा रहेको छाउ गोठमा छोरी लडेको खबर आमा बुबाले भोलिपल्ट मात्रै थाहा पाएका थिए।

शाहीलाई सुरुमा गाउँमै धामीझाँक्री लगाएर छाउ गोठमा बस्दा लडेर घाइते सीमकोट गाउँपालिका-७ मा छाउ गोठमा बसेकी १७ वर्षीया लक्ष्मी शाही २०७४ फागुन २० गते लडेर घाइते भइन्। पानी परेका बेला छाउ गोठ बाहिर निस्कँदा लडेकी हुन्। महिनावारी भएका बेला छाउ गोठमा बस्दा लडेकी लक्ष्मीको दायाँ खुट्टाको माथिल्लो भाग नचल्ने भयो। घरभन्दा टाढा रहेको छाउ गोठमा छोरी लडेको खबर आमा बुबाले भोलिपल्ट मात्रै थाहा पाएका थिए।

छाउगोठमा मृत्यु

- अछाम जिल्ला तुर्माखाँद गापा-४ की १८ वर्षीया पार्वती बुढाको छाउगोठमा सुतिरहेका बेला २०७५ जेठ २६ गते राति सर्पले टोकेर मृत्यु भयो। सर्पले टोकेर पार्वतीको मृत्यु भएको खबर बाहिर आए आफ्नो बदनाम हुने भन्दै स्थानीय मिलेर पोस्टमार्टम नै नगरी जेठ २७ गते कर्णाली नदीछेउ गाडेका थिए। यो समाचार आमसञ्चार माध्यममा आएपछि जेठ ३० गते शव निकालेर ३१ गते जिल्ला अस्पतालमा परीक्षणपछि आफन्तले बुझेका थिए। सन् २००७ यता छाउगोठमा बसेकै कारण र अवस्थामा अछाम जिल्लामामात्रै १३ जना महिला तथा युवतीको मृत्यु भएको छ।

एसिड प्रहार

- धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका-२० घर भई जनकपुरधाम-७ जानकीनगरमा डेरामा बस्दै आएकी २१ वर्षीया आरती साह र तीन वर्षीया बालिकामाथि एसीड प्रहार गरेको आरोपमा २४ वर्षीय सञ्जीव साहलाई जिल्ला प्रहरी कार्यालय, धनुषाले कात्तिक २९ गते गिरफतार गऱ्यो। कात्तिक २८ गते बिहान १० बजे आरोपित साहले पत्नी र छोरीको शरीरमा एसीड प्रहार गरी फरार भएका थिए। जनकपुरको जानकी हेल्थ केयर एण्ड टिचिङ हस्पिटलमा प्राथमिक उपचार गरी पीडितलाई थप उपचारको लागि कात्तिक २९ गते साँझ नै तीन वर्षीया छोरीसहित काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका इन्स्पेक्टर राजेश सिग्देलले बताए। आरोपितविरुद्ध मङ्सिर ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालत धनुषाको मङ्सिर ११ गते को आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

एसिड प्रहारबाट घाइते

- कपिलवस्तु जिल्ला महाराजगञ्ज नपा-१ की ६२ वर्षीया बेदमतीदेवी गुप्तालाई २०७६ फागुन २३ गते सोही ठाँउका ३९ वर्षीय हरिनारायण बरइले एसिड प्रहार गरेको भन्दै पीडितका छोरा २१ वर्षीय हनुमान गुप्ताले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालबालिकाले क्रिकेटको ब्याट भाँचेको विषयमा भएको विवाद चर्किंदै गएपछि आरोपितले एसिड प्रहार गरेका थिए। एसिड प्रहारबाट घाइते गुप्ताको सामान्य उपचार शिवराज अस्ततालमा र थप उपचार युनिर्भसल मेडिकल कलेज भैरहवा भयो। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले फागुन २५ गते ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको २०७७ वैशाख २ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

२.२ महिला तथा बालिकाविरुद्ध हुने हिंसाका आरोपितको विश्लेषण

सन् २०१८ देखि २०२० सम्ममा महिला तथा बालिका हिंसाका घटनामा १३ हजार ६ सय ५१ जना आरोपित रहे। तीन वर्षको अवधिमा १२ हजार १ सय ९५ जना महिला तथा बालिका विभिन्न घटनाबाट पीडित भएका थिए। अभिलेखित घटनाअनुसार ५७ प्रतिशत आरोपित कृषि पेसामा संलग्न थिए। आरोपितमध्ये १७ प्रतिशतको पेसा खुलेन, १३ प्रतिशत श्रमिक थिए भने ६ प्रतिशत विद्यार्थी रहे। तीन प्रतिशत व्यापारी, एक/एक प्रतिशत आरोपित निजी संस्थाका कर्मचारी र शिक्षक तथा दुई प्रतिशत अन्य विभिन्न पेसामा संलग्न रहेकाहरू आरोपित थिए।

अभिलेखित घटना अनुसार तीन वर्षको अवधिमा सङ्कलित बालिका हिंसाका घटनाका आरोपितहरू ४ हजार २ सय ७० जना रहे। अभिलेखित आरोपितहरूमध्ये ४५ प्रतिशत कृषि पेसामा स्रलग्न थिए भने १९ प्रतिशतको पेसा खुलेको थिएन। त्यसैगरी १७ प्रतिशत श्रमिक, १४ प्रतिशत विद्यार्थी, तीन प्रतिशत व्यापारी, एक प्रतिशत निजी संस्थामा सेवारत र एक प्रतिशत शिक्षक रहे।

अभिलेखित घटना अनुसार तीन वर्षको अवधिमा सङ्कलित महिला हिंसाका घटनाका आरोपितहरू ८ हजार ४ सय ३९ जना रहे। अभिलेखित आरोपितहरूमध्ये ६३ प्रतिशत कृषि पेसामा संलग्न थिए भने १५ प्रतिशतको पेसा खुलेको थिएन। त्यसैगरी

अन्य आरोपितहरूमा १२ प्रतिशत श्रमिक, चार प्रतिशत व्यापारी, दुई प्रतिशत विद्यार्थी तथा निजी संस्थामा सेवारत र गृहिणी एक/एक प्रतिशत थिए।

अभिलेखित घटना अनुसार तीन वर्षको अवधिमा सङ्कलित महिला तथा बालिका हत्याका ५ सय ३० जनाको हत्यामा ९ सय ४२ जना आरोपित रहे। हत्या घटनाका आरोपितमध्ये ६१ प्रतिशत कृषि पेसामा संलग्न थिए। १८ प्रतिशतको पेसा खुलेको थिएन। त्यसैगरी १० प्रतिशत श्रमिक, चार प्रतिशत विद्यार्थी, दुई प्रतिशत गृहिणी, दुई प्रतिशत व्यापारी, एक प्रतिशत निजी संस्थामा सेवारत र दुई प्रतिशत अन्य पेसाका आरोपित थिए।

सन् २०१८

सन् २०१८ मा महिला तथा बालिका हिंसाका घटनाका ४ हजार ६ सय ९९ जना आरोपित रहे। अभिलेखित घटनाअनुसार ६८ प्रतिशत आरोपित कृषि पेसामा संलग्न थिए। आरोपितमध्ये ११ प्रतिशत श्रमिक, सात प्रतिशत विद्यार्थी, पाँच प्रतिशत व्यापारी, चार प्रतिशतको पेसा खुलेन भने निजी संस्थामा सेवारत तीन प्रतिशत र अन्य पेसामा संलग्न तीन प्रतिशत थिए। सन् २०१८ मा बालिका हिंसाका घटनाका आरोपित १ हजार ३ सय ४७ थिए भने महिला हिंसाका घटनाका आरोपित २ हजार ८ सय ३३ जना थिए। सन् २०१८ मा महिला तथा बालिका हत्याका घटनामा ५ सय १९ जना संलग्न रहेको अभिलेख छ।

सन् २०१९

सन् २०१९ मा महिला तथा बालिका हिंसाका घटनाका ५ हजार ७३ जना आरोपित रहे। अभिलेखित घटनाअनुसार ६० प्रतिशत आरोपित कृषि पेसामा संलग्न थिए। आरोपितमध्ये १८ प्रतिशत श्रमिक, सात प्रतिशतको पेसा खुलेन भने पाँच प्रतिशत विद्यार्थी, दुई प्रतिशत गृहिणी र अन्य पेसाका तीन प्रतिशत थिए। सन् २०१९ मा बालिका हिंसाका घटनाका आरोपित १ हजार ५ सय २५ जना थिए भने महिला हिंसाका घटनाका आरोपित ३ हजार २ सय ८३ जना थिए। सन् २०१९ मा महिला तथा बालिका हत्याका घटनामा २ सय ६५ जना संलग्न रहेको अभिलेख छ।

सन् २०२०

सन् २०२० मा महिला तथा बालिका हिंसाका घटनाका ३ हजार ८ सय ७९ जना आरोपित रहे। अभिलेखित घटनाअनुसार ४५ प्रतिशतको पेसा खुलेको थिएन। त्यसैगरी ३९ प्रतिशत आरोपित कृषि पेसामा संलग्न थिए भने नौ प्रतिशत श्रमिक, चार प्रतिशत विद्यार्थी, एक प्रतिशत गृहिणी र अन्य पेसाका दुई प्रतिशत थिए। सन् २०२० मा बालिका हिंसाका घटनाका आरोपित १ हजार ३ सय ९८ जना थिए भने महिला हिंसाका घटनाका आरोपित २ हजार ३ सय २३ जना थिए। सन् २०२० मा महिला तथा बालिका हत्याका घटनामा १ सय ५८ जना संलग्न रहेको अभिलेख छ।

भाग ३

महिला तथा बालिकाविरुद्ध हुने हिंसाविरुद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू

३.१ राष्ट्रिय प्रावधानहरू

महिला तथा बालिकाका हक अधिकारहरू संविधान तथा विभिन्न कानुनहरूमा सुनिश्चित गरिएको छ। यस प्रतिवेदनमा खासगरी महिला तथा बालिकाविरुद्ध हुने हिंसाविरुद्ध भएका संविधान तथा कानुनका प्रावधानहरू उल्लेख गरिएको छ।

३.१.१ *नेपालको संविधान*

नेपालको संविधान (२०७२) को विभिन्न धारामा महिला तथा बालिकाका अधिकारको सुनिश्चितता गरिएको छ। संविधानको मौलिक हक अन्तर्गत उनीहरूको अधिकार संरक्षण गरिएको छ। मौलिक हक अन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक[३३] र कसैलाई पनि मृत्युदण्ड दिन नपाइने[३४] धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमको शोषण गर्न पाइने छैन[३५], कसैलाई पनि बेचबिखन गर्न दास वा बाँधा बनाउन नपाइने[३६] महिलाको हक अन्तर्गत महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन

३३ नेपालको संविधान (२०७२), धारा १६ उपधारा १

३४ नेपालको संविधान (२०७२), धारा १६ उपधारा २

३५ नेपालको संविधान (२०७२), धारा २९ उपधारा २

३६ नेपालको संविधान (२०७२), धारा २९ उपधारा ३

वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुने किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन[२७] भन्ने व्यवस्था गरेर हिंसा तथा शोषणविरुद्धको हक सुनिश्चित गरेको छ।

बालबालिकाको हक अन्तर्गत कुनैपनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न पाइने छैन।[२८] कुनैपनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनैपनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन[२९] भन्ने व्यवस्था गरेर बालबालिकालाई सशस्त्र फौजमा भर्ना गर्न र कुनै पनि बहानामा उनीहरूविरुद्ध हिंसा गर्न नपाइने कुरालाई मौलिक हकमा सुनिश्चितता प्रदान गरेको छ।

३.१.२ *मुलुकी अपराध संहिता, २०७४*

तेजाब, अन्य घातक रासायनिक वा ज्वलनशील पदार्थ कसैमाथि प्रहार वा प्रयोग गरी वा कसैलाई सेवन गराई कसुर गरेको[30] लाई कसुरको गाम्भिर्यता बढाउने अपराधका रूपमा राखिएको छ। त्यस्तै अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने शीर्षक अन्तर्गत बोक्साबोक्सीको आरोप लगाउन नहुने[३१] र बोक्साबोक्सीको आरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने[३२], महिला तथा बालिकाविरुद्ध प्रूतिको बेला र महिनावारीको बेलामा गरिने भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्ने[३३] कार्य दण्डनीय बनाएको छ।

संहिताले २० वर्ष नपुगी विवाह गर्न गराउन नहुने[३४]। विवाहमा परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै

---

२७ नेपालको संविधान (२०७२), धारा ३८ उपधारा ३

२८ नेपालको संविधान (२०७२), धारा ३९ उपधारा ५

२९ नेपालको संविधान (२०७२), धारा ३९ उपधारा ६

30 मूलुकी अपराध संहिता, २०७४ दफा ३८ (झ १)

३१ मूलुकी अपराध संहिता, २०७४ दफा १६८ उपदफा १ (क)

३२ मूलुकी अपराध संहिता, २०७४ दफा १६८ उपदफा १ (ख)

३३ मूलुकी अपराध संहिता, २०७४ दफा १६८ उपदफा ३

३४ मूलुकी अपराध संहिता, २०७४ दफा १७३ उपदफा १

सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गर्न गराउन नहुने[३५], विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने[३६] र विवाह गरेमा उक्त विवाह स्वत: बदर हुने[३७] भन्ने व्यवस्था गरेर बहुविवाहलाई दण्डनीय बनाउनुका साथै बदर गर्ने व्यवस्था गरेको छ।

कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुँदैन[३८] भन्ने व्यवस्था गरेर लिङ्ग पहिचानपछिको भ्रुण हत्यालाई फौजदारी अपराध अन्तर्गत राखिएको छ। तेजाब प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने अपराध अन्तर्गत कसैले कसैलाई तेजाब फ्याँकी, छर्किई, खन्याई वा प्रयोग गरी वा सेवन गराई अङ्गभङ्ग गर्नु वा गराउनु वा शारीरिक क्षति पुऱ्याउनु हुँदैन।[३९] कुटपिटलाई फौजदारी अपराधको कोटिमा राख्दै कसैले लापरवाहीपूर्ण काम गरी वा हेलचेक्र्याँई गरी कसैलाई कुटपिट गर्न, अङ्गभङ्ग गर्न वा अन्य चोट पुऱ्याउनु हुँदैन।[४०]

संहितामा बेचबिखन तथा ओसारपसारलाई अपहरण वा शरीर बन्धकसम्बन्धी कसुर अन्तर्गत राख्दै कसैले कसैलाई शरीर बन्धक लिन नहुने[४१]

जबरजस्ती करणी गर्न नहुने अपराध अन्तर्गत कसैले जबरजस्ती करणी गर्न हुँदैन[४२]। कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ[४३] भन्ने व्यवस्था गरेको छ। कसैले आफ्नो जात वा कुलमा चलिआएको चलन, परम्परा वा मान्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग करणी लिनु दिनु अपराध मानेको छ[४४]

---

३५ मूलुकी अपराध संहिता, २०७४ दफा १७४ उपदफा १
३६ मूलुकी अपराध संहिता, २०७४ दफा १७५ उपदफा १
३७ मूलुकी अपराध संहिता, २०७४ दफा १७३ उपदफा ५
३८ मूलुकी अपराध संहिता, २०७४ दफा १८८ उपदफा ७
३९ मूलुकी अपराध संहिता, २०७४ दफा १९२ उपदफा १
४० मूलुकी अपराध संहिता, २०७४ दफा १९५ उपदफा १
४१ मूलुकी अपराध संहिता, २०७४ दफा २१२ उपदफा १
४२ मूलुकी अपराध संहिता, २०७४ दफा २१९ उपदफा १
४३ मूलुकी अपराध संहिता, २०७४ दफा २१९ उपदफा २
४४ मूलुकी अपराध संहिता, २०७४ दफा २२० उपदफा १

३.१.३ *घरेलु हिंसा (कसुर सजाय) ऐन, २०६६*

घरभित्रका नाता सम्बन्धका व्यक्तिहरूबिच हुने शारीरिक, मानसिक, यौनजन्य कुनैपनि प्रकारका हिंसालाई घरेलु हिंसाका रूपमा परिभाषित गरी त्यस्तो कार्यलाई दण्डनीय अपराधिक कार्य मानिएको छ। घरेलु हिंसा गर्न गराउन नहुने भन्ने शीर्षकमा घरेलु हिंसा कसैले पनि गर्न गराउन वा सो कुरोको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन[४५] भन्ने उल्लेख छ।

३.१.४ *बालबालिकासम्बन्धी ऐन, २०७५*

प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने[४६] अधिकारको सुनिश्चितता गर्दै उनीहरूलाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ[४७] भन्ने बालबालिकाको अधिकार उल्लेख गरेको छ। ऐनले बालबालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार[४८] सुनिश्चितता गरेको छ।

३.१.५ *बोक्साबोक्सीको आरोप (कसुर तथा सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४*

बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै गाउँमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, बसोबास गरेको ठाउँबाट निकाला गर्ने, अङ्गभङ्ग गर्ने, सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्नेजस्ता कार्य[४९] लाई कसुर ठहऱ्याएको छ।

---

४५ घरेलु हिंसा (कसूर सजाय) ऐन २०६६, दफा ३ उपदफा १

४६ बालबालिकसम्बन्धी ऐन, २०७५ दफा ३ उपदफा १

४७ बालबालिकसम्बन्धी ऐन, २०७५ दफा ७ उपदफा १

४८ बालबालिकसम्बन्धी ऐन, २०७५ दफा ७ उपदफा ५

४९ बोक्साबोक्सीको आरोप (कसूर तथा सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२

३.१.६ *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४*

किन्ने वा बेच्ने उद्धेश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाँउबाट अर्को ठाँउमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने[५०] कार्यलाई ओसारपसारको अपराध भनी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २००६४ मा स्पष्ट पारिएको छ।

३.२ अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू

संयुक्त राष्ट्रसङ्घबाट जारी गरिका मानव अधिकारसम्बन्धी विभिन्न घोषणापत्र कार्यान्वयन गर्नमा नेपाल प्रतिबद्ध हरेको छ। त्यसैगरी नेपाल मानव अधिकारसम्बन्धी सात ओटा ठूला महासन्धिको पक्ष राष्ट्रपनि हो। महिला अधिकार संरक्षण र महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि जारी गरिएका विभिन्न घोषणापत्रहरू कार्यान्वयन गर्नुपर्ने दायित्व पनि नेपाललाई रहेको छ।

३.२.१ *मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८*

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मानव अधिकारका लागि संयुक्त राष्टसङ्घबाट जारी गरिएको पहिलो औपचारिक दस्तावेज हो। संयुक्त राष्ट्रसङ्घको सदस्य भएको आधारमा यो घोषणापत्र अनुरूप संवैधानिक तथा कानुन बनाउनुपर्ने दायित्व नेपाललाई रहेको छ। घोषणापत्रमा ३० ओटा धारामा मानव अधिकारकारूपमा विभिन्न अधिकारहरू समावेश गरिएको छ। मानिस जन्मजात स्वतन्त्र छ र मानव सम्मान र अधिकारका लागि समान हकदार छन् [५१] भनी उल्लेख गरेको छ। त्यसैगरी, कसैलाई पनि जाति, लिङ्ग, वर्ण, भाषा, धर्म, राजनीतिक आस्था वा जन्मका आधारमा कुनै भेदभाव गर्न नहुने[५२] व्यवस्था गरेको छ। यसरी घोषणापत्रले मानवजातिले

---

५० मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २००६४ दफा ४ उपदफा २

५१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, धारा १

५२ मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, धारा २

आत्मासम्मानपूर्वक जीवन यापन गर्न पाउने र लिङ्गको आधारमा भेदभाव गर्न नहुने भन्दै महिला तथा बालिकाको अधिकारको संरक्षण गरेको छ।

३.२.२ *अन्तर्राष्ट्रिय महासन्धिहरू*

महिला तथा बालिकाको संरक्षणका सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रावधानहरू महत्वपूर्ण रहेका छन्। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ ले सदस्य राष्ट्रले सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावबिना यस महासन्धिमा स्वीकृत अधिकारहरूको सम्मान सुनिश्चित गर्नुपर्ने[५३] व्यवस्था गरेको छ। उक्त महासन्धिको पहिलो उपलेखको नेपाल पनि पक्ष राष्ट्र हो। उक्त उपलेखले मृत्युदण्ड निषेध गरेको छ। त्यसैगरी प्रत्येक बालबालिकालाई वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा भेदभाव गर्न नहुने भन्ने उल्लेख छ।[५४]

लिङ्गको दृष्टिकोणले मात्र कुनै वर्गलाई विभेदजन्य व्यवहार गर्नु हुँदैन र त्यस्ता व्यवहारलाई उन्मूलन गरिनुपर्दछ भन्ने मान्यतासहित महिला अधिकारलाई संरक्षण गर्न संयुक्त राष्ट्रसङ्घले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ जारी गरेको थियो। लिङ्गका आधारमा महिलाले विभिन्न शोषण र अन्यायबाट पीडित भइरहेको अवस्था अन्त्य गर्नुपर्ने र सारभूत समानता र औपचारिक समानतालाई व्यवहारमा ल्याउनका लागि यो महासन्धि महिला अधिकार संरक्षणका लागि महत्वपूण रहेको छ। [५५] महिलाविरुद्ध भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा अरु कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएपनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्धेश्य भएको, लिङ्गको आधारमा हुने कुनैपनि भेदभाव वा वहिष्कार वा प्रतिबन्ध हो।[५६] पुरुष तथा महिलासम्बन्धी हानिकारक परम्परामा आधारित वा कुनै खास लिङ्गको

५३ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, र आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, धारा २ (१)

५४ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, धारा २४ (१)

५५ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, धारा ५ (क)

५६ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, धारा १

महत्ताभाष वा लघुताभाषमा आधारित दुराग्रहको तथा परम्परागत एवम् अन्य प्रकारका प्रचलनहरूलाई उन्मूलन गर्ने।

महिलाविरुद्ध हुने सबै प्रकारका भदेभाव उन्मलूनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको समितिको सामान्य सिफारिस नं. १९ ले पनि राज्यले महिला हिंसा निर्मूल र अन्त्य गर्न आफ्नो दायित्वहरू उचित लगनशीलताकाका साथ निर्वाह गर्नु पर्ने कुरा उल्लेख गर्दछ। महिला हिंसाविरुद्धको घोषणपत्र सन् १९९३ मा पनि महिला विरुद्धका हिंसाहरूलाई चाहे राज्य वा अन्य पक्ष जोसुकैले गरेको भए तापनि त्यसलाई रोक्न, अनुसन्धान र कारबाही गर्न राज्यहरूले उचित लगनशील कदम चाल्नु पर्ने कुरा उल्लेख छ। यही प्रावधान बेइजिङको महिलासम्बन्धी विश्व सम्मलेन सन् १९९५ मा उद्घृत छ। त्यतिमात्र नभएर यदि राज्यले महिला विरुद्धको हिंसा अन्त्य गर्न कानुन जारी नगरेमा राज्यलाई पीडक सरह नै दोषी मान्न सकिन्छ।[५७]

बालबालिकाको विकास तथा कल्याणका लागि प्राकृतिक वातावरणका रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनुपर्छ भन्ने बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को मूल मर्म रहेको छ। महासन्धिले बालबालिकाको सर्वाङ्गीण विकास प्रमुखताकासाथ अवलम्बन गरेको छ। त्यसैगरी बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरू उन्मूलन गर्न समुचित उपायहरू अवलम्बन गर्न राज्यलाई दायित्व बोध गराएको छ।[५८]

---

५७ कुमारास्वामी, राधिका। "महिला विरुद्धको हिंसा, यसका कारणहरू र परिणामहरूमा संयुक्त राष्ट्रसङ्घको विशेष समाधिक्षकको रिपोर्ट"। १९९५:१८५।

५८ बाल अधिकारसम्बन्धी महासन्धि १९८९, धारा २४ (३)

भाग ४

नेपालका मानव अधिकार संस्था र नागरिक सङ्गठनले महिला तथा बालिकाविरुद्ध हुने हिंसाका सरोकारमा उठाएका पैरवीका सवालहरू

४.१ सन्धिजनित निकाय

मानव अधिकार सन्धि अनुगमन केन्द्र (एचआरटिएमसीसी)ले विभिन्न सन्धिजनित निकायमा छायाँ प्रतिवेदनहरू पठाउने गरेको छ। उक्त प्रतिवेदनहरूमा महिला तथा बालिकाविरुद्ध हुने हिंसाका अवस्था प्रस्तुत गर्ने गरेको छ र उनीहरूविरुद्ध हुने हिंसा उन्मूलनकालागि राज्यले गर्नुपर्ने उपायहरूका बारेमा सुझाव प्रस्तुत गरिन्छ।

४.१.१ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (एचआरटिएमसीसी)ले सन् २०२१ जनवरीमा उक्त महासन्धिको पाचौँ र छैठौँ आवधिक छायाँ प्रतिवेदनमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार समितिमा पेस गरेको थियो। उक्त प्रतिवेदनमा महिला तथा बालिकाविरुद्धको हिंसाको अवस्थाका बारेमा उल्लेख गर्दै धरैजसो नेपाली महिला तथा बालिकाहरू उनीहरूविरुद्ध हुने हिंसाको लान्छाना लाग्ने डरले नजिकका आफन्तलाई पनि विश्वास गर्न सक्ने अवस्था छैन र हिंसाका घटनाहरू सम्पूर्ण रूपले प्रकाशनमा आउँदैन।[५९] भन्ने तथ्य उजागर गरेको थियो।

---

५९ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धमा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रले तयार पारेको पाचौँ तथा छैठौँ छायाँ प्रतिवेदन, सन् २०२१, पेज २१

सन् २०१४ मा भएको नेपालको दोस्रो प्रतिवेदनउपर भएको सुनुवाइमा मानव अधिकार समितिले समापन टिप्पणीमा लैङ्गिक समानताको शीर्षक अन्तर्गत महिला विरुद्धका सबै प्रकारका परम्परागत प्रथाहरूलाई घरेलु कानुनद्वारा प्रष्टरूपमा प्रतिबन्ध लगाउने र उक्त कानुनको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।[६०] सुझाव दिएको थियो।

४.१.२ *महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ (सिड)*

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (एचआरटिएमसीसी) ले सन् २०१८ को अक्टोबरमा महासन्धिको छैठौँ छायाँ प्रतिवेदन महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी समितिमा प्रस्तुत गरेको थियो। प्रतिवेदनमा धार्मिक भेदभाव हटाउन र हानिकारक प्रचलनहरूका कारण पीडित भएका व्यक्तिहरूलाई सहयोग पुऱ्याउन व्यापक नीतिहरू बनाउन[६१] सुझाव दिएको थियो। समितिले आफ्नो समापन टिप्पणीमा लैङ्गिक हिंसा अन्त्यका लागि राज्यलाई प्रभावकारी रणनीति तथा कार्ययोजना बनाउन सुझाव दिएको थियो।

४.१.३ *आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६*

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (एचआरटिएमसीसी) ले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ सम्बन्धी तेस्रो आवधिक छायाँ प्रतिवेदन अक्टोबर २०१३ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिमा पेस गरिएको थियो। उक्त प्रतिवेदनमा सबै भेदभावपूर्ण कानुनहरू संशोधन गर्नुपर्ने महिलाविरुद्ध हुने

---

६० नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को नेपालको दोस्रो प्रतिवेदनउपर मानव अधिकार समितिबाट प्राप्त भएका समापन टिप्पणी तथा सुझावहरू, अनुच्छेद ४ (क)

६१ सिडको छैठौँ छायाँ प्रतिवेदन, सन् २०१८, पेज ११

सामाजिक तथा सांस्कृतिक अभ्यासहरू अन्त्य गर्नुपर्ने[६२] भनेर सुझाव प्रस्तुत गरिएको थियो। समितिले समापन टिप्पणीमा महिला तथा बालिकाविरुद्ध विभेद कायमै रहेकोमा सरोकार व्यक्त गर्दै महिला र बालिका (जसमा विशेषगरी दलित समुदायका महिला र बालिका)हरू जबरजस्ती तथा बाल विवाह, "बोक्सी"को आरोप, देउकी, झुमा, कमलरी, छाउपडी र बादीजस्ता परम्परागत हानिकारक प्रथाहरूबाट पीडित हुनु परिरहेकोले हानिकारक प्रथाहरूलाई निर्मूल पार्ने उपायहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गराउन सुझाव दिएको थियो।

४.१.४ *बाल अधिकारसम्बन्धी महासन्धि, १९८९*

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रसहित अन्य गैरसरकारी संस्थाहरूको तर्फबाट बाल अधिकारसम्बन्धी महासन्धिसम्बन्धी तेस्रो, चौथो र पाचौँ संयुक्त आवधिक पुरक प्रतिवेदन बाल अधिकार समितिमा १ जुलाई २०१४ मा प्रस्तुत गरिएको थियो। उक्त प्रतिवेदनमा बाल अधिकारसम्बन्धी नेपालको अवस्था प्रस्तुत गर्दै मुलुकमा अभ्यासमा रहेका हानिकारक प्रथाबाट बालिकाहरूको स्वास्थ्यमा गम्भीर असर पेरेको [६३] अवस्था प्रस्तुत गरिएको थियो। उक्त अवधिको सुनुवाइपछि बाल अधिकार समितिले समापन टिप्पणीमा बालबालिकाहरूको शारीरिक र मनोवैज्ञानिक कल्याणका लागि हानिकारक परम्परागत अभ्यासहरू उन्मूलन गर्न सबै आवश्यक कदमहरू चाल्न[६४] सुझाव दिएको थियो।

४.२ **विश्वव्यापी आवधिक समीक्षा (यूपीआर)**

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमा नेपालका गैरसरकारी संस्थाको सञ्जालद्वारा पेस गरिएको प्रतिवेदनमा महिलाविरुद्धको हिंसा अन्त्यका लागि पर्याप्त साधन स्रोतसहित लैङ्गिक समानतासम्बन्धी कानुन र नीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने, अभ्यासमा रहेका सांस्कृतिक कूरीतिहरू अन्त्य

---

६२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धमाथि गैरसरकारी संस्थाहरूको छायाँ प्रतिवेदन, २०१३

६३ गैरसरकारी संस्थाहरुको तर्फबाट बालअधिकार सम्बन्धी महासन्धीसम्बन्धी तेस्रो, चौथो र पाँचौ आवधिक पुरक प्रतिबेदन, सन् २०१६, पेज २१

६४ बालअधिकार सम्बन्धी महासन्धीसम्बन्धी तेस्रो, चौथो र पाँचौ आवधिक प्रतिबेदनमाथि बालअधिकार समितीको समापन टिप्पणी, सन् २०१६ जुलाई १६, पेज ९, अनुच्छेद ३८

गर्दै महिलाविरुद्ध हुने विभेद उन्मूलन गर्न चेतना बढाउनुपर्ने, हानिकारक परम्परागत अभ्यासहरूको छानविन गर्दै यसका लागि जिम्मेवार व्यक्तिहरूलाई दण्डित गर्नुपर्ने, दाइजो प्रथा र बहुविवाहजस्ता मुद्दाका विरुद्ध चेतना जागृत गर्नुपर्ने र घरेलु हिंसाबाट महिलाको संरक्षण गर्न संयन्त्रहरूमा सुधार गर्नुपर्ने सुझावहरू थिए।[६५] त्यसैगरी लैङ्गिक समानता कायम गर्ने अविभेदकारी कानुन र नीतिहरूमा पर्याप्त स्रोत छुट्टयाई प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने[६६] सुझाव थिए।

विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्रमा नेपालको समीक्षाका लागि गठित कार्यदलले २०७२ कात्तिक २० गतो भएको १० औं बैठकमा कार्यसमूहले नेपालसम्बन्धी प्रतिवेदनमा प्राप्त सुझावहरूमध्ये महिला तथा बालिकाविरुद्ध हुने हिंसा अन्त्य गर्नका लागि नेपाल सरकारले स्वीकारेका केही सुझावहरू:-

- हानिकारक सांस्कृतिक अभ्यासहरूलाई दण्डनीय बनाउने गरी विधेयक पारित गर्ने,
- बालविवाह र बाध्यकारी विवाह उन्मूलन गर्ने (सियरालियोन),[६७]
- लैङ्गिक असमानता उन्मूलन गर्ने प्रयासहरू बढाउने र बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीतिको कार्यान्वयन गर्ने (बोत्सवाना)[६८],
- खासगरी आपतकालीन अवस्थाहरूमा र संरक्षणकारी आदेशको प्रभावकारिताका सन्दर्भमा लिङ्गमा आधारित हिंसाका पीडितको संरक्षण गर्न आवश्यक व्यक्तिगत एवम् भौतिक साधनस्रोत प्रत्याभूत गर्ने (स्पेन),[६९] र
- महिला तथा बालिकाविरोधी हानिकारक प्रथाहरू उन्मूलन गर्न प्रतिबद्ध हुने (मिश्र)[७०] रहेका छन्।

---

६५ संयुक्त राष्ट्रसङ्घमा नेपालका गैरसरकारी संस्थाको सञ्जालद्वारा प्रस्तुत विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन ६ जुलाई २०२०, पेज ९

६६ विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाहरुको प्रतिवेदन, २०१५ पेज ९

६७ विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र २०१५ मा नेपालले स्वीकार गरेको सुझाव अनुच्छेद १२१.७

६८ विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र २०१५ मा नेपालले स्वीकार गरेको सुझाव अनुच्छेद १२१.२०

६९ विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र २०१५ मा नेपालले स्वीकार गरेको सुझाव अनुच्छेद १२१.२१

७० विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र २०१५ मा नेपालले स्वीकार गरेको सुझाव अनुच्छेद १२१.२४

भाग ५

निष्कर्ष

इन्सेकले सन् २०१८ देखि २०२० सम्म गरेको मानव अधिकार प्रलेखको आधारमा गरिएको यो अध्ययन अनुसार नेपालमा महिला तथा बालिकामाथि हुने हिंसाका घटनामा कमी आएको देखिँदैन। यस्ता घटनामा परी १२ हजार १ सय ९५ जना महिला तथा बालिका पीडित भएकामा ३२.८३ प्रतिशत बालिका पीडित भएको देखिन्छ। पीडितमध्ये लगभग एकतिहाई बालिकाको सङ्ख्या हुनुले नेपालमा बालिकाको संरक्षणमा गम्भीर सवाल पैदा गरेको देखिन्छ।

हत्या, बलात्कार, यौन दुर्व्यवहार, पारिवारिक हिंसा, कुटपिट, "बोक्सी"को आरोप, दाइजोका कारण हिंसा र हत्या, बालविवाह, बहुविवाह, बेचबिखन तथा ओसारपसार तथा अमानवीय व्यवहार जस्ता घटनाहरू महिला हिंसाका प्रमुख कारक भएको देखिन्छ।

बालिकामाथि हुने हिंसाका घटना र पीडितको सङ्ख्या वर्षैपिच्छे वृद्धि हुनुले बाल संरक्षणमा गम्भीर सरोकार पैदा गरेको छ। सन् २०१८ मा इन्सेकले गरेको अभिलेख मध्ये २२.७३ प्रतिशत बालिका पीडित भएकामा सन् २०२० मा यो सङ्ख्या बढेर २५.७८ प्रतिशत पुगेको छ। सङ्ख्या मात्र नभई बालिकामाथि हुने केही प्रतिनिधि घटनामा पीडकको पहिचान र न्यायिक प्रक्रिया अगाडि बढ्न नसक्नुले राज्य संयन्त्रको कमजोरीसमेत प्रकट भएको छ।

नेपालमा जनसङ्ख्याको अनुपातका आधारमा विश्लेषण गर्दा बितेका तीन वर्षमा सबैभन्दा धेरै दलित पीडित भएको अभिलेख इन्सेकले गरेको छ। पीडितको सङ्ख्यामध्ये २३ प्रतिशत दलित पीडित भएका तथ्याङ्कले नेपाली समाज भित्रको संरचनागत विभेद र बहिष्करणलाई समेत उजागर गरेको छ।

यस अध्ययनका अनुसार महिला तथा बालिका हिंसाका घटनाका पीडित मध्ये ६२ प्रतिशत अनौपचारिक क्षेत्र (कृषि र घरेलु काम) मा कार्य गर्ने महिला रहेको देखिएको छ। अभिलेखित घटनामध्ये ७१ प्रतिशत पीडित निम्न र अति विपन्न वर्गका भएको पाइयो। उच्च वर्ग, जाति र शैक्षिक स्तर राम्रो भएका महिला तथा बालिका पीडित भएका तथ्याङ्क कम हुनुलाई विभेद र हिंसाका घटनाको प्रभाव गरिबी र शैक्षिक स्तरले समेत फरक पार्ने निष्कर्ष निकाल्न सकिन्छ। सरकार तथा नागरिक सङ्गठनहरूले शैक्षिक स्तर सुधार र गरिबीको अन्त्यका लागि तत्काल पहल गरे मात्र यस्ता घटनामा समेत कमी आउने देखिन्छ।

महिलाविरुद्धको हिंसा अन्त्य गर्न साधन स्रोतसहित, लैङ्गिकमैत्री कानुन र नीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने तथा अभ्यासमा रहेका सांस्कृतिक कूरीतिहरू अन्त्य गर्नु पर्ने देखिन्छ। हानिकारक परम्परागत अभ्यासहरूको छानविन गर्दै यसका लागि जिम्मेवार व्यक्तिहरूलाई दण्डित गर्नुपर्ने, दाइजो प्रथा र बहुविवाहजस्ता मुद्दामा कानुन कार्यन्वयन तथा चेतना अभिवृद्धिका कार्यक्रम आजको आवश्यकता बनेको छ।

नेपालको संविधान लागु भए पश्चातको यस अवधिमा महिला तथा बालिकाको अधिकार संरक्षणका लागि मुलुकी अपराध संहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५, बोक्साबोक्सीको आरोप (कसूर तथा सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ लगायतका कानुनमार्फत महिला तथा बालिकाविरुद्ध हुने हिंसा तथा विभेद अन्त्य गर्न पहल गरिएको छ। नयाँ तथा अद्यावधिक गरिएका कानुन, नेपालको संविधान तथा प्रचलित अन्य कानुनी तथा नीतिगत संरचनाको कार्यन्वयन प्रभावकारी हुन सकेको छैन। कानुन कार्यन्वयन र निकायहरूको त्यसप्रतिको जबाफदेहिता कमजोर हुनु गम्भीर चिन्ताको विषय बनेको छ।

महिलामाथि हुने हिंसा तथा विभेदको अन्त्यका लागि हानिकारक सांस्कृतिक अभ्यासहरूलाई दण्डनीय बनाउनुपर्ने, बालविवाह र बाध्यकारी विवाह उन्मूलन गर्नुपर्ने, लैङ्गिक असमानता उन्मूलन गर्नुपर्ने, आपतकालीन अवस्थामा संरक्षणका लागि स्रोत, साधन र संयन्त्र परिचालन गर्नुपर्ने आजको आवश्यकता हो। यसतर्फ सरकार र नागरिक संस्थाहरूको एकीकृत र सचेत पहलकदमी जरूरी देखिन्छ।

भाग ६

सुझावहरू

अध्ययनबाट प्राप्त निष्कर्ष र विश्लेषणका आधारमा नेपालमा महिला अधिकार सुनिश्चित गर्न तथा महिला र बालिकामाथि हुने हिंसाका घटनाका पीडितहरूको न्याय माथिको पहुँच सुनिश्चित गर्न निम्न बमोजिमका सवाल र सरोकारहरू सम्बोधन गर्नु पर्नेछ।

- महिला तथा बालिकामाथि हुने हिंसाविरुद्ध कानुन कार्यन्वयन गर्ने निकायको प्रभावकारी परिचालन तथा संयन्त्रका लागि आवश्यक साधन र स्रोतको व्यवस्थापन गर्नुपर्ने।
- अभ्यासमा रहेका विभेद र कूरीतिविरुद्ध सामाजिक अभियान सञ्चालन गर्न सामाजिक सङ्घसंस्थाहरू तथा शैक्षिक संस्थाहरूको सहकार्य सुदृढ गर्नुपर्ने।
- हिंसाका घटनामा पीडितको न्यायको अधिकार सुनिश्चित गर्न कानुन कार्यन्वयन गर्ने निकायको जबाफदेहिता अभिवृद्धि गर्न क्षमता विकास तथा पारदर्शी परिचालनको व्यवस्था गर्नुपर्ने।
- महिलाहरूको आर्थिक सवलिकरण गर्न आय आर्जन वृद्धि तथा सिपमुलक कार्यक्रम सञ्चालन गर्न सामाजिक संस्था र राज्यका निकायहरूबिच सहकार्य सुदृढ गर्नुपर्ने।
- स्थानीय सरकारले महिला तथा बालिका संरक्षणका लागि कानुन कार्यान्वनका लागि समन्यव तथा सहजीकरण, सशक्तीकरणका लागि साधन स्रोत तथा त्यसको उचित प्रयोग र पीडितहरूको न्यायका लागि संरक्षकका रूपमा भूमिका खेल्नुपर्ने।

आर्थिकरूपमा महिला तथा बालिकाविरुद्ध हिंसाका घटना (सन् २०१८-२०२१)

घटनाको प्रकार		उच्च वर्गीय	मध्यम वर्गीय	निम्न मध्यम वर्गीय	निम्न वर्गीय	थाहा नभएको	जम्मा
बाल अधिकार	बाल विवाह		३०	६२	१८	१	१२१
	बालिका बेचबिखन		३९	८०	१८	१	१३८
	बलात्कार	१	६१०	१३८८	४९४	९५	२६८८
	यौन दुर्व्यवहार	२	२४३	४९५	१५६	३०	९३६
	जम्मा	३	१०२२	२०३५	६८६	१२६	३८६३
हत्या		२	१३८	२८५	९१	२४	५३०
महिला अधिकार	बेचबिखन प्रयास		५५	८६	२१	१२	१६५
	घरेलु हिंसा	१६	२१२१	२४२५	३३९	१५६	५०५६
	"बोक्सी"को आरोप		२०	१०६	३३	३	१६३
	बलात्कार	३	५३६	६६६	२९६	४१	१६५३
	बलात्कार प्रयास		१३६	२२६	६८	८	४५०
	यौन दुव्यर्वहार		८४	९८	२०	२	२०४
	महिला बेचबिखन		२२	५२	१६		९०
	जम्मा	१९	२९६५	३६६३	८०३	२२२	६६९२
जम्मा		२४	४१२५	६०९३	१५८०	३६३	१२१९५

महिला तथा बालिकाविरुद्ध हिंसाका घटना (सन् २०१८-२०२१)

घटनाको प्रकार	प्रदेश १	प्रदेश २	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
बाल अधिकार								
बालविवाह	१४	१९	१८	११	२१	३५	३	१२१
बालिका बेचबिखन	२०	२०	३८	४	४३	२	११	१३८
बलात्कार	५७७	४५३	६९९	१८९	५११	११४	१४५	२६८८
यौन दुर्व्यवहार	१८९	१४६	१९८	१०७	१६६	४९	७१	९२६
जम्मा	८००	६३८	९५३	३११	७४१	२००	२३०	३८७३
हत्या	१०७	१३१	७६	३४	१०४	३१	४७	५३०
महिला अधिकार								
बेचबिखन प्रयास	२३	१२	४६	१	७१	३	१९	१७५
घरेलु हिंसा	३२३	१३२	५४१	६८२	१९७८	४०३	९९८	५०५७
"बाक्सी"को आरोप	१८	५७	२३	११	२९	२०	५	१६३
बलँत्कार	३५८	२०८	४७५	१०२	३००	९३	११७	१६५३
बलात्कार प्रयास	११३	८१	८०	३६	५५	४९	३६	४५०
यौन दुव्यवहार	३७	२१	५४	१५	४४	२३	१०	२०४
महिला बेचबिखन	१४	४	२५	४	३४	२	७	९०
जम्मा	८८६	५१५	१२४४	८५१	२५११	५९३	११९२	७७९२
कूल जम्मा	१७९३	१२८४	२२७३	११९६	३३५६	८२४	१४६९	१२१९५

इन्सेक पुस्तक नं. १९८/२०७८

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ, नेपाल
फोन: ०१-५२१८७७०, फ्याक्स: ०१-५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org